नेपालको पहिलो बौद्ध मासिक

# आनन्द भूमि

२०६६ फागुन पूर्णिमा – ३७ | अंक ११ | The Ananda Bhoomi (Year 37, Vol. 11)
बु.सं. २५५३ | ने.सं. ११३० | A Buddhist Monthly : Feb./Mar 2010

*प्रमुख सल्लाहकार:*
भिक्षु कुमार काश्यप महास्थविर (प्रमुख, आ.कु.वि.)
भिक्षु मैत्री महास्थविर (अध्यक्ष, आ.कु.वि.संस्था)

*सल्लाहकार:*
भिक्षु धर्ममूर्ति (सचिव, आ.कु.वि.)

*व्यवस्थापक*
भिक्षु सरणंकर
आनन्द कुटी विहार, ४२७१४२०

*व्यवस्थापन सहयोगी:*
मिलन श्रेष्ठ, जुजुभाई तुलाधर, संघरत्न शाक्य

*वितरण तथा अर्थ*
भिक्षु पियदस्सी, भिक्षु नारद, भिक्षु शान्तकोशल

*लेखा व्यवस्थापन:*
भिक्षु प्रज्ञारत्न, सुरेश महर्जन, स्वयम्भू

*आवरण सज्जा:*
फलसमान शाक्य

*सम्पादन सहयोगी:*
भिक्षु जनक, विश्व शान्ति विहार

*सम्पादक/प्रकाशन संयोजक:*
कोण्डन्य
बुद्ध विहार भृकुटीमण्डप, ४२२६७०२

*वितरणार्थ सहयोगीहरू:*
बुद्धजयन्ती समारोह समिति (श्रीघः), भिक्षु चन्दिमो, भिक्षु जवन, अ.इन्द्रावती, सत्यना शाक्य, सुश्री वीणा कंसाकार, सुश्री शकुन्तला प्रधान, श्रीमती केशरी वज्राचार्य, शाक्य वाच शप-बनेपा, सुवर्णमुनि शाक्य (भैरहवा), नरेश वज्राचार्य, विद्यादेवी शाक्य (बुटवल), याम शाक्य (वेनी), सर्जु वज्राचार्य (पाल्पा), उत्तममान बुद्धाचार्य (पोखरा), कृष्णप्रसाद शाक्य (बाग्लुङ्), विजय गुरूङ् (लमजुङ्), शेखर शाक्य (नारायणगढ) ।

*मुद्रण:*
डट्स प्रिन्टिङ्ग हाउस, प्रयागपोखरी, ललितपुर, फोनः ५१२०२३५

*प्रकाशक:*
आनन्दकुटी विहार
आनन्द कुटी विहार, स्वयम्भू, फोनः ४२७१४२०

*का.जि.द.नं. ३४/०३४/०३५/म.क्षे.हु.नि.द.नं. ७/०६१/६२*

## बुद्धवचनामृत



**सुकरं साधुना साधु-साधु पापेन दुक्करं ।
पापं पापेन सुकरं-पापमहियेहि दुक्करं ॥**

असल मानिसहरूलाई राम्रो काम गर्न सजिलो हुन्छ । तर खराब मानिसहरूलाई राम्रो काम गर्न गाऱ्हो हुन्छ । नराम्रो मानिसहरूलाई नराम्रो काम गर्न सजिलो हुन्छ । तर राम्रो मानिसहरूलाई नराम्रो काम गर्न गाऱ्हो हुन्छ ।

– *धम्मपद*

*सम्पर्क कार्यालय*
**आनन्द भूमि**
**आनन्द कुटी विहार संस्था, पो.ब.नं. ३००७, काठमाडौं ।**
**फोनः ४२७१४२०**
E-mail : anandakutivihar@ntc.net.np

**वार्षिक रू. १५०/-** **एकप्रति रू. १५/-** **वार्षिक ग्राहक बनी सहयोग गरौं ।**

**गताङ्कमा प्रकाशित**




**पाप कर्म (अकुशल कर्म) कहिल्यै नगर्नु
पुण्य (कुशल कर्म) गर्दै जानु ।
आफ्नो चित्तलाई (मन) शुद्ध गर्नु
यहि नै बुद्धको उपदेश हो ।**

VISHWA MOTOR TRADERS
Putalisadak, Kathmandu Tel.: 4225625 / 4244173

**बिश्व मोटर ट्रेडर्स**
ख-२,४०८, पुतलिसडक, काठमाडौं, नेपाल ।
फोन नं: ४२२५६२५, ४२४४१७३, फायक्सः ४२२१८५५
ईमेलः vmtautoparts@wlink.com.np

टोयोटा, मित्सुबिसि, निशान, इसुजु, सुजुकि इत्यादि
गाडिका पार्टसहरु को लागि सम्पर्क गर्नुहोस् ।

## विषय-सूचि

| क्र.सं. | विषय | लेखक | पृष्ठ |
|---|---|---|---|
| १. | धर्मनिरपेक्षताको मर्ममाथि प्रहार हुने संकेत | सम्पादकीय | ३ |
| २. | धर्म के हो ? | सत्यनारायण गोयन्का | ४ |
| ३. | अज्ञानी नै जब विज्ञ बन्छ | डा. गणेश माली | ७ |
| ४. | बुद्धधर्म र धन | प्रा. सुवर्ण शाक्य | ९ |
| ५. | विश्वशान्तिको लागि धर्मनिरपेक्षता | लोकबहादुर शाक्य | ११ |
| ६. | भिक्षु महासंघको संक्षिप्त इतिहास | कोण्डन्य | १४ |
| ७. | श्रीलंकामा अशोक वाटिका | ध्रुवचन्द्र गौतम | १७ |
| ८. | सेवा विकासको भावनाविना विकास ... | शिशिल चित्रकार | १९ |
| ९. | दशपारमिता | भिक्षु कुमार काश्यप महास्थविर | २१ |
| 10. | Five Questions on Kamma | By Venerable Ledi Sayadaw | 24 |
| ११. | बौद्ध गतिविधि | | २८ |
| १२. | प्रव्रजित दाहसंस्कारमा सुनिएका गफ | साय्मि के. रवि | अन्तिम भित्रि कभर |

अस्तव्यस्ततालाई संगालिएको कभरपृष्ठमा छापिएको बुद्धको आकृतिसहितको चित्र कवि मानन्धरद्वारा आफ्नै सोचअनुसार कोरिएको चित्रांकण हो ।

# सम्पादकीय

## धर्मनिरपेक्षताको मर्ममाथि प्रहार हुने संकेत !?

नेपालको ऐतिहासिक परिवर्तनसँगै आज यो मुलुकले धर्मनिरपेक्षतासहितको गणतन्त्रमा प्रवेश पाइसकेको सबैलाई थाहा भएकै कुरा हो । संविधान सभाजस्तो थलो पाइसकेर पनि प्राप्त ऐतिहासिक उपलब्धिलाई साकाररूप दिन जुन प्रकारका जिम्मेदारी भूमिका निर्वाह हुनुपर्ने-गरिनुपर्ने हो त्यसमा खासै चासो नदिएकोमा सम्पूर्ण जनमानस चिन्तित भएका छन् । आसन्न संविधान सभाबाट तीनमहिनाभित्र यानि कि आउँदो जेष्ठ १४, २०६७ का दिनभित्र नयाँ संविधानको घोषणा गरिनुपर्ने सवाल जल्दोबल्दो रूपमा उठेका छन् । दिन नजिकिँदै जाँदा समयमै नयाँ संविधानको घोषणा हुने कुरामा विभिन्न शंकाउपशंका पैदा भई देशमा ठूलो राजनीतिक दुर्घटना हुने र प्राप्त ऐतिहासिक राजनीतिक उपलब्धिलगायत अन्य आधारहरू समेत गुम्ने आशंकाले जनमानसलाई त्रसित तुल्याएको छ ।

वस्तुतः यसो हुनाको प्रमुख कारण जिम्मेवार राजनीतिक पार्टी, बहुसंख्यक नेतृत्व स्वयं राष्ट्रियहित र स्वार्थप्रति गम्भीर हुन नसक्नु, उनीहरू आफ्नै स्वार्थ र निकृष्ट तवरले पार्टी र व्यक्ति केन्द्रित राजनीतिभन्दा माथि उठ्न नसक्नु, एकातिर जनसमक्ष सहमतिको ढोंग गर्ने अर्कोतिर विमतीय एवं कलहपूर्ण रूप प्रदर्शन गरी कुर्सिकै लागि आपसी खिचातानीमैं व्यस्त रही एकले अर्कालाई जसरी भएनि सिध्याउने, एकले अर्कालाई जुधाउनेर-फुटाउने अनि एक्ल्याउने जस्ता राजनीतिक बेइमानी चालबाजीमैं अल्झिनाले हो । त्यसरी नै यिनीहरू आआफ्ना डम्फु बजाउनमैं मस्त छन्, देश र जनतालाई कहिले उक्साउने, कहिले थचार्नमैं रमाइरहेका छन्, आफ्नै गोरूको बाऱ्है टक्का भनी लिंडेढिप्पी कसी आफू मात्र ठीक अरू बेठीक, आफू मात्र सही अरू गलत भन्ने नकारात्कक सोचसहित झूठको खेती गर्दै सम्पूर्ण जनतालाई गुमराहमा पार्ने त होइन भन्ने अत्यन्त सन्देहयुक्त संवेदनशील प्रश्न खडा भएको छ ।

निश्चय पनि राजनीतिक फोहरी खेलले झन् झन् देशको तरल राजनीति तथा त्रासदिपूर्ण संक्रमणकाल लम्बिदै अस्थिरता, अराजकता र अन्यौलताले निरन्तरता पाउने त होइन भन्ने प्रश्न उब्जिएको छ । अस्तिभर्खर मात्रै धर्मनिरपेक्षता, राजतन्त्र र संघीयताको विरूद्ध उपत्यका बन्दको आयोजना गरी पुनरूत्थानवादीहरूले हामी सलबलाइरहेका छौं भन्ने प्रष्टरूपमा संकेत दिइसकेका छन् । अझ "नेपाललाई धर्मनिरपेक्ष राष्ट्र घोषणा गरेर आफूहरूले गल्ती गरेको स्वीकारेका छन् ।" भनी पूर्वप्रधानमन्त्री एवं एकीकृति माओवादीका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको स्वीकारोक्ति र "नेपालको राजनीतिक र धार्मिक स्थितिप्रति राष्ट्रपति खुसी हुनुहुन्न" (राजधानी, २ फागुन, ०६६) भन्ने समाचारले सबैलाई निराश पारेको छ । यस प्रकाशित गम्भीर विषयको आधिकारिकता बारे सम्बद्ध निकायले मुख खोल्नुपर्छ, मुखमा दही जमाएर बस्न मिल्दैन ।

वृहत शान्ति सम्झौताले अन्तरीम संविधान-०६३ हुँदै नेपाल एक स्वतन्त्र, अविभाज्य, सार्वभौमसम्पन्न, धर्मनिरपेक्ष, समावेशी, छुवाछूतमुक्त संघीय लोकतान्त्रिक-गणतान्त्रिक राज्यका रूपमा अगाडि बढाउने निर्णयसहित वर्तमान संविधान सभासम्मको कठिन यात्रा तय भएको हो । गन्तव्यतर्फ जानेक्रममैं पूर्वसेनाप्रमुख रूकमांगत कटवालले समेत धर्मनिरपेक्षताजस्तो गम्भीर महत्वराख्ने विषयमा जनमत-संग्रहको माध्यमले त्यसको निर्णय गरिनुपर्ने प्रतिवेदन प्रस्तुत गरेका थिए भने हिन्दूअतिवादीहरूले पनि त्यसै रटानलाई दोहोऱ्याइरहेका छन् । संघीयताविरूद्ध विष वमन गर्नेहरू सलबलाउन थालेका छन् । गणतन्त्र राष्ट्रमा संघीयताको अपरिहार्यतालाई बेवास्ता गरी पूर्वप्रधानमन्त्रीहरू, ओहदामा रहेका मन्त्रीहरू तथा सरकारी प्रशासकहरूले नै खुलेआम धर्मनिरपेक्षताविरूद्ध विष वमन गर्नु शुभ संकेत होइन । ती कदमले भोलिको संविधानमा धर्मनिरपेक्षताको पूर्ण ग्यारेण्टी हुनेछ भन्नु धोका हुनसक्छ । यसमा हाम्रो ध्यानाकृष्ट हुनसकेन भने यस्ता गैरजिम्मेवारी विधिव्यवहारले भोलिको संविधानमा स्वयं राजनीतिक दलहरूले पनि धर्मनिरपेक्षताका बारेमा राजनैतिक बेइमानी गर्न सक्छन् । यसउसले सन्देहका साथ धर्मनिरपेक्षतावादीहरूले चेतनामूल क्रियाकलापलाई निरन्तरता दिइरहनु अपरिहार्य विषय भएको छ ।

# धर्म के हो ?



✍ सत्यनारायण गोयन्का

धर्म जीवन जिउने कला हो । स्वयं आफू पनि सुखपूर्वक जीवन जिउने र आफैंलाई पनि सुखपूर्वक जीवन जिउन दिने कला हो । सुखपूर्वक सबैजना रहन चाहन्छन् । सबैजना दुःखबाट मुक्तरहन चाहन्छन् । तर जबसम्म हामीलाई वास्तविक सुख के हो थाहा छैन, सुखलाई कसरी प्राप्त गर्ने भन्ने थाहा छैन तबसम्म हामी झूठो सुखको पछि पछि पागलझैं दौडिरहन्छौं । वास्तविक सुखबाट टाढा रहेर धेरैभन्दा धेरै दुःखी हुन्छौं । आफू मात्र होइन आफैंलाई पनि दुःखी बनाउँछौं ।

वास्तविक सुख भित्रको शान्ति र आन्तरिक शान्ति विकारविहीन चित्तमा छ, निर्मल चित्तमा छ । विकारविहीन चित्तको अवस्था नै वास्तविक सुखशान्तिको अवस्था हो ।

अतः साँच्चैको शान्ति र साँच्चैको सुख उसैले भोग्न सक्छ जस्को निर्मल चित्त छ । जो जति विकारमुक्त रहन्छ, त्यति नै दुःख मुक्त रहन्छ, त्यति नै जीवन जिउने कला जान्दछ, त्यति नै साँच्चैको धार्मिक बन्दछ । निर्मल चित्तको आचरण नै धर्म हो । यही जिउने कला हो । यस कलामा जो जति निपुण हुन्छ ऊ त्यति नै बढी धार्मिक हुन्छ । धार्मिकको सही परिभाषा यही हो ।

प्रकृतिको अटूट नियम छ, जसलाई ऋत भन अथवा धर्म-नियामता भन, नाम जे भनेपनि हुन्छ, यसले केही फरक पर्दैन । नियम के हो भने जस्ले जस्तो गर्‍यो त्यसबाट त्यस्तै परिणाम आउँदछ । त्यस्तो गरेन भने त्यस्को त्यस्तो परिणाम आउँदैन । यस नियमअनुसार जबजब हाम्रो मन द्वेष, दौर्मनस्य, क्रोध, ईर्ष्या, भय आदिले भर्दछ तब-तब हामी ब्याकुल हुन्छौं । दुःखबाट पीडित हुन्छौं र सुखबाट वञ्चित रहन्छौं । जबजब हाम्रो मन यी विकारहरूबाट ब्याप्त हुँदैन तब-तब ब्याकुलताबाट मुक्त रहन्छौं । दुःखबाट संतापित हुनबाट बच्दछौं र आफ्नो सुख-शान्तिको मालिक बन्दछौं ।

जुन विद्याले विकारबाट मुक्त हुने सिकाउँदछ त्यही जीवन जिउने सही कला हो, त्यही शुद्ध धर्म हो । शुद्ध धर्मको स्वरूप मंगलमय र कल्याणमय हुन्छ । हामी जब-जब विकार विमुक्त रहेर निर्मल चित्तले आचरण गर्दछौं तब-तब हामी आफू त वास्तविक सुख-शान्ति भोग्दछौं साथै अरूको सुख शान्तिको कारण पनि बन्दछौं । यस्तो प्रकारले जब-जब विकारग्रस्त भएर मैलो चित्तले काम गर्छौं तब-तब हामी स्वयं संतापित हुन्छौं साथै अरूको संतापको कारण पनि बन्दछौं । समाजको शान्ति भंग गर्दैरहन्छौं ।

क्रोध, लोभ, वासना, भय, मात्सर्य, ईर्ष्या, अहंकार आदि मनका विकारबाट शिकार बनेर हामी हत्या, चोरी, व्यभिचार, झूठ, छलकपट, चुगली, निन्दा, ब्यर्थको कुरा, कटुवचन बोल्दछौं । जब-जब यी क्रिया गरिन्छ तब-तब आफू पनि संतापित हुन्छौं र अरूको संतापको कारण पनि बन्दछौं । मनमा विकार नभई कुनै शारीरिक अथवा वाचिक दुष्कर्म हुँदैन । तर मनमा विकार आउँदैमा कायिक अथवा वाचिक दुष्कर्म हुनैपर्छ भन्ने छैन । प्राय प्रबल मनोविकार उत्पन्न भएर पनि आत्म-दमन गरेर यस्ता कायिक र वाचिक दुष्कर्म गर्नबाट बच्दछौं । यसबाट प्रत्यक्षतः अरूको हानि हुन पाउँदैन, परन्तु दूषित मनोविकारबाट आक्रान्त भएर यदि मन भित्र-भित्र ब्याकुल भईरह्यौं भने मानसिक दुष्कर्म गरिरहन्छ । यसबाट आफूलाई शान्ति हुँदैन र अप्रत्यक्ष रूपमा अरूको शान्ति पनि भंग गरिरहेको हुन्छ । हाम्रो मनको दूषित तरंगको वरपरको वातावरणलाई पनि प्रभावित पारिरहेको हुन्छ ।

जब-जब हाम्रो मन विकारविमुक्त अर्थात् निर्मल हुन्छ, तब-तब स्वाभाविक रूपले उसको चित्त स्नेह र सद्भावले, मैत्री र करूणाले भर्दछ । त्यस्तो समयमा हामी आफूले सुखशान्तिको अनुभव त गर्छौं नै, अप्रत्यक्ष रूपमा अरूको सुख-शान्तिको कारण पनि बन्दछ । हाम्रो निर्मल चित्तको तरंगको आसपासको वातावरणलाई प्रभावित पारेर त्यसलाई पनि सक्दो निर्मल बनाइरहेको हुन्छ ।

त्यसैले आत्मदमन गर्नु, धर्मको सर्वांग सम्पूर्णता होइन तर धर्मधारण गर्ने पहिलो पाइला यहींबाट शुद्ध हुन्छ । शुरूमा संयमित भएर नै कायिक र वाचिक दुष्कर्मबाट विरत हुनुपर्छ पछि निरन्तर अभ्यासद्वारा मानसिक दुष्कर्मबाट पनि मुक्त हुनुपर्छ । मानसिक दुष्कर्मबाट छुट्टी पाउनु भनेको नै मानसिक विकारबाट मुक्त हुनु हो । विकारविहीन निर्मल चित्तले स्वाभाविक रूपले नै मनबाट, वाणीबाट र शरीरबाट कुनै दुष्कर्म गर्न सक्दैन । त्यसैले मूख्य कुरा त आफ्नो चित्तलाई विकारबाट विमुक्त राख्नु हो ।

आफ्नो हरेक कर्मप्रति जागरूक रहेर नै मनलाई

दोषमुक्त राख्न सकिन्छ । आफ्नो चित्त र चित्तका विकारप्रति जागरूक रहेर नै चित्तलाई विकारमुक्त राख्न सकिन्छ । त्यसलाई चाल नपाई मुर्छित रहेर हामी चित्तलाई कहिले पनि स्वच्छ राख्न सक्दैनौं, त्यसको निर्मलपनलाई कायम राख्न सक्दैनौं । आफ्नो चित्त र चित्तवृत्तिको निरन्तर निरीक्षण गर्दै रहने अभ्यास नै धर्मधारण गर्ने सही अभ्यास हो । कुनैपनि कर्म गर्नुभन्दा अगाडि र गर्ने समयमा हामी जाचौं कि यस कार्यबाट आफ्नो र अरूको मंगल हुन्छ कि अमंगल । यदि मंगल हुन्छ भने त्यो काम गर्ने, यदि अमंगल हुन्छ भने त्यो काम नगर्ने । यस प्रकार राम्ररी विवेकपूर्वक जाँचेर गरेको कामले सबैको मंगल नै गर्छ, त्यसैले त्यस्तो काम धर्ममय नै हुन्छ । यदि कहिले काँहिं असावधानपूर्वक, नजाँचिकन कुनै कायिक अथवा वाचिक दुष्कर्म हुन गयो, जसबाट आफ्नो र अरूको अहित हुन गयो भने पनि त्यसलाई लिएर प्रायश्चित गर्दै रून्दै फेरि कुनै अपराध ग्रन्थी नबाँदिउन् । चाँडैभन्दा चाँडै आफ्नो मिल्ने साथी साधक अथवा गुरूजनसंग भेटेर उनको सामू आफ्नो भूल बताएर स्वीकार गर्नु र त्यसको भारबाट मुक्त हुनु र भविष्यमा यस्तो घटना हुन नदिनु अधिक सावधान रहने संकल्प गर्नुपर्छ । चित्तप्रति पनि यस्तै जागरूक भइरहने अभ्यास बढाउनु पर्छ । जब-जब चित्तमा विकार जाग्दछ, त्यसै समय त्यसको निरीक्षण गर्नुपर्छ । साक्षीभावले त्यसको निरीक्षण गर्दैमा त्यो दुर्बल हुँदै हुँदै नष्ट हुनेछ । कहिले काँहिं त्यसको निरीक्षण गर्न पाएन र त्यसले हामीलाई दमन गऱ्यो भने पनि त्यसलाई सम्फेर रूने होइन, बरु अभ्र अधिक सावधान रहने संकल्प गर्नुपर्छ, जागरूक रहने अभ्यास गर्नुपर्छ । शुद्ध धर्ममा प्रतिष्ठापित हुने यही नै एउटा वैज्ञानिक तरीका हो ।

जुन अभ्यासद्वारा आफ्नो कर्मप्रति जागरूकता र सावधानी बढ्छ, यही शुद्ध धर्मको अभ्यास हो । जुन विधिद्वारा आफ्नो कर्म सुधार्ने चित्त निर्मलता प्राप्त हुन्छ, त्यही नै धर्म विधि हो ।

जब हामी आत्मनिरीक्षण गरेर आफ्नो अनुभवको आधारमा थाहापाउँदछौं की प्रत्येक दुष्कर्मको कारण आफ्नो चित्तको फोहोरपन नै हो । कुनै न कुनै मनो-विकारले हो । हामी जान्दछौं कि प्रत्येक विकारको कारण आफ्नो अहमप्रति उत्पन्न हुने गहन आसक्ति नै हो । जब-जब आसक्तिको अंधोपनले यस क्षमको प्रति बढी महत्व दिएर यसमा ताँसिन्छ, तब-तब संकुचित घेरामा आवद्ध भएर मन फोहोर गरेर कुनै न कुनै यस्तो काम गर्न पुग्छ, जस्को परिणाम अकुशल नै हुन्छ ।

आत्मनिरीक्षणको अभ्यासबाट स्वअनुभवको बलको आधारमा नै यो थाहाहुन्छ कि जब-जब स्वार्थले अन्धो भएर विकारले ग्रस्त हुन्छौं तब-तब अरूको अहित त गरिरहेका हुन्छौं र आफ्नो स्वार्थ पूर्ति पनि गर्न सक्दैनौं । जब-जब अन्धोपनबाट मुक्त रहन्छौं तब-तब आफ्नो हित र अरूको हित दुबै गरिरहेका हुन्छौं । आफ्नो हित र अरूको हित हुने कर्म नै धर्म हो । जहाँ आफ्नो लाभ हुनुको साथसाथै अरूको पनि लाभ हुन्छ, त्यही धर्म हुन्छ । जहाँ कसैको अनहित हुन्छ, त्यहीं अधर्म हुन्छ ।

हाम्रो सत्कर्म र दुष्कर्मले केवल हामीलाई मात्र सुखी अथवा दुःखी बनाउँदैन । यस्ले हाम्रा साथी भाइलाई पनि प्रभावित पार्दछ । मनुष्यहरु समाजको अन्य सदस्यहरूका माफ रहन्छन् । उनीहरु समाजको अविभाज्य अंग हुन् । उनीहरु समाजबाट प्रभावित भएका हुन्छन् र समाजलाई पनि मानिसहरूले केही हदसम्म प्रभावित पार्दछ ।

त्यसैले धर्म धारण गरेर हामी जब नैतिक जीवन जिउँदछौं, दुष्कर्मबाट बचेर सत्कर्म गर्न लाग्दछौं तब हामी केवल आफ्नो मात्र भलो गरिरहेका हुँदैनौं अरूको भलो पनि गरिरहेका हुन्छौं ।

यस अमूल्य जीवनका लागि नै धर्म गर्नुपर्छ । यदि धर्मको अभ्यास गरेर जीवनको मूल्य बढेन भने, यदि हाम्रो लोक व्यवहारमा सुधार आएन भने, यदि हामी आफ्नो लागि र अरूका लागि मंगलमय जीवन जिउन सकेनौं भने यस्तो धर्म हाम्रो लागि के काम ? कसैको लागि के काम ? धर्म यसैको लागि हो कि हाम्रो पारस्परिक सम्बन्ध सुध्रियोस् । हामीमा व्यवहार कौशल आवोस् । परिवार, समाज, जाति, राष्ट्र र अन्तर्राष्ट्रिय बिचको पारस्परिक सम्बन्ध व्यक्ति व्यक्ति बिचको सम्बन्धमा नै निर्भर हुन्छ । अतः शुद्ध धर्म यही हो कि प्रत्येक व्यक्तिले यहीं यसै जीवनमा अरूसंग आफ्नो व्यवहार सम्बन्ध सुधार गरोस् । यसै जीवनमा सुखशान्तिपूर्वक जिउनको लागि धर्म हो । मृत्युपछि बादलभन्दामाथि कुनै अज्ञात स्वर्गमा जीवन जिउनका लागि होइन । मृत्युपछि पृथ्वीभन्दा तल अज्ञात नर्कबाट बच्नका लागि पनि होइन । हामीभित्र निहित स्वर्गको सुख भोग्नका लागि हो । हामीभित्र समयसमयमा नारकीय अग्नि जल उर्लिन्छ त्यसलाई शान्त गर्नका लागि त्यसबाट बच्नका लागि हो । धर्म यसै जीवनका लागि हो । यसै लोकका लागि हो । वर्तमानको लागि हो । जसले आफ्नो वर्तमान सुधार्छ उसलाई भविष्यको चिन्ता गर्नु जरूरी छैन । उसको भविष्य स्वतः सुध्रिन्छ । जसले लोक सुधार्छ उसलाई परलोकको चिन्ता गर्नु पर्दैन । उसको परलोक स्वतः सुध्रिन्छ । जस्ले आफ्नो वर्तमान सुधार गर्न सक्दैन, आफ्नो वर्तमान लोक सुधार गर्न सक्दैन र केवल भविष्यको आशा गरेर बस्दछ भने उसले आफूलाई नै धोका दिएको हुन्छ । आफ्नो

वास्तविक मंगलबाट वंचित हुनपुग्छ । शुद्ध धर्मबाट टाढा हुन पुग्छ । धर्म अकालिक हुन्छ अर्थात् धर्म यसै समय यसै जीवनमा फल दिने हुन्छ । धर्मको नाममा अनुष्ठान गरेर त्यसको लाभ यसै जीवनमा प्राप्त भएन, विकार बिहीन निर्मल चित्तको वास्तविक सुख यसै जीवनमा पाएन भने बुझ्नुपर्छ कि हामी धोकामा छौं । शुद्ध धर्मबाट वंचित भईरहेका छौं । धर्म सबैलाई यसै जीवनमा सुखशान्ति दिलाउनका लागि हो । आँखाभन्दा धेरै टाढा सुदूर भविष्यको निरर्थक चिन्ताबाट मुक्त हुनका लागि हो । यही धर्म हो । यही धर्मको शुद्धता हो । यही शुद्ध धर्मको जीवन हो, जुन सबैका लागि आवश्यक छ ।

धर्म सबैका लागि आवश्यक छ । त्यसैले शुद्ध धर्मको सम्प्रदायसंग कुनै सम्बन्ध छैन, कुनै लेनदेन छैन । शुद्ध धर्मको मार्गमा हिंड्ने व्यक्ति जब धर्म पालन गर्दछ तब कुनै सम्प्रदायको थोत्रो रीतिरिवाज पूरा गर्नका लागि होइन । कुनै मिथ्या अन्धविश्वासजन्य रुढि परम्पराको शिकार बनेर फकीर बन्नका लागि होइन । शुद्ध धर्मको अभ्यास गरेर आफ्नो जीवनलाई सुखी र स्वस्थ बनाउनका लागि नै धर्मको पालन गर्दछ । धार्मिकजीवन जिउनका लागि धर्मलाई राम्ररी सम्झेरबुझेर, त्यसबाट आत्मकल्याण र परकल्याण हुने हुनाले नै त्यसको पालन गर्नुपर्छ । धर्मलाई नबुझीकन अन्धविश्वास गरेर अथवा कुनै अज्ञात शक्तिलाई सन्तुष्ट र प्रसन्न बनाउन अथवा उसको भयबाट आशंकित र आतंकित भएर धर्मको पालन गर्ने होइन । धर्मको पालन दूषणहरुको दमन गर्नका लागि मात्र होइन बल्कि प्रज्ञापूर्वक त्यसको शमन-दमन गरेर जरासम्म उखाल्नका लागि हो । धर्मको पालन आफ्नो लागि मात्र होइन बहुजनको हितसुखका लागि, मंगल कल्याणका लागि र बहुजनको स्वस्तिमुक्तिका लागि हो ।

धर्मको पालन यही बुझेर पालन गर्नपर्छ कि धर्म सार्वजनीन छ, सर्वजनहितकारी छ, कुनै सम्प्रदाय तथा वर्ग विशेष अथवा जाति विशेषले बाँधिएको छैन । यदि यस्तो भएमा धर्मको शुद्धता नष्ट हुन्छ । धर्म तबसम्म शुद्ध हुन्छ जबसम्म सार्वजनीन हुन्छ, सार्वदेशिक हुन्छ र सार्वकालिक हुन्छ । धर्म सबैका लागि एकैनाशको हुन्छ, सबैका लागि कल्याणकारी छ, मंगलकारी र हितसुखकारी छ । धर्म सबैले सहजपूर्वक नहिचकिचाई ग्रहण गर्न योग्य हुन्छ ।

शुद्ध वायुमण्डलमा रहेर शुद्ध, स्वच्छ हावा सेवन गर्नु, शरीर स्वच्छ राख्न सफा सुकिलो लुगा लगाउनु, शुद्ध र स्वच्छ सात्विक खाना खानु मलाई आवश्यक छ किनभने यो मेरो लागि हितकार छ । त्यस्तै प्रकारले यस्तो गर्नु मेरो लागि मात्र होइन सबै जाति, सबै वर्ग तथा सबै सम्प्रदायका मानिसहरुका लागि समानरुपले हितकर छ । यदि कोही व्यक्ति अशुद्ध, अस्वस्थ वातावरणमा रहन्छ र गन्हाउने, विषालु वायु सेवन गर्छ आफ्नो शरीर र वस्त्र मैलो राख्छ, अस्वच्छ दूषित भोजन गर्छ भने आफ्नो स्वास्थको लागि हानि गरिरहेको हुन्छ, रोगी र दुःखी रहन्छ । यो नियम सार्वजनीन छ । कुनै एक विशेष जातिको लागि कुनै एकजना विशेष व्यक्तिको लागि मात्र लागू हुँदैन । ठीक यस्तै प्रकारले जब कोही आफ्नो मनको विकारद्वारा विकृत रहन्छ भने व्याकुल अवश्य हुन्छ । उसको वात, पित्त, कफ आदिमा विषमता हुन्छ । उ रोगी हुन्छ । स्वास्थ्य विज्ञानका सामान्य नियम सबैको तन र मनमा समान रुपले लागू हुन्छ । प्रकृतिले यो हेर्दैन कि यो नियमलाई पालन नगर्ने व्यक्ति को हो, कुन जातिको हो, कुन सम्प्रदायको हो ? प्रकृति कुनै सम्प्रदायविशेषको व्यक्तिलाई मात्र कृपा गर्दैन न कुनै अन्य सम्प्रदायको व्यक्तिलाई कोप गर्छ । मलेरिया मलेरिया नै हो । यो न हिन्दू हो, न बौद्ध हो, न जैन हो, न पारसी हो, न मुस्लिम हो, न ईसाई हो । यस्तै प्रकारले क्रोध, ईर्ष्या, द्वेष आदि विकार न हिन्दू हो, न बौद्ध हो, न जैन हो, न पारसी हो, न मुस्लिम हो, न इसाई हो । त्यस्तै यसबाट विमुक्त रहनु पनि न हिन्दू हो, न बौद्ध हो, न जैन हो, न पारसी हो । विकारबाट विमुक्त रहनु शुद्ध धर्म हो । त्यसैले शुद्ध धर्म नै हो । धर्म एउटा आदर्श जीवन-शैली हो, सुखपूर्वक रहने एउटा पावन पद्धति हो । शान्ति प्राप्त गर्ने निर्मल विद्या हो । सबैको कल्याण गर्ने आचार संहिता हो जुन सबैको लागि हो ।

शीलवान, समाधिवान, प्रज्ञावान हुनु के बौद्धहरुको मात्र धर्म हो ? अरुहरुको धर्म होइनन् ? वीतराग, वीतद्वेष, वीतमोह हुनु के जैनहरुको मात्र धर्म हो ? अरुहरुको होइनन् ? स्थितप्रज्ञ अनासक्त जीवनमुक्त हुनु केवल हिन्दूहरुको मात्र धर्म हो ? अरुहरुको होइनन् ? प्रेम र करुणाले ओतप्रोत भएर सेवा गर्नु केवल ईसाइहरुको मात्र धर्म हो ? अरुहरुको होइन ? के जातपातको भेदभावबाट मुक्त रहेर सामाजिक समताको जीवन जिउनु मुसलमानहरुको मात्र धर्म हो ? अरुहरुको होइनन् ? धर्मपालनको मुख्य उद्देश्य असल मानिस बन्नु हो । असल मान्छे बनेपछि असल हिन्दू, असल बौद्ध, असल जैन, असल मुसलमान, असल ईसाई बनिहाल्छ । यदि असल मान्छे नै बन्न सकेन भने बौद्ध भएर पनि के गर्ने ? हिन्दू, जैन, ईसाई, मुसलमान आदि भएर पनि के गर्ने ?

धर्मको यस शुद्धतालाई राम्ररी बुझौं, त्यसलाई धारण गरौं । हामी सबैको जीवनमा शुद्ध धर्म जागोस् । सार हीन बोझको अवमूल्यन हुनुपर्छ । उन्मूलन हुनुपर्छ । शुद्ध सारको सही मुल्यांकन हुनुपर्छ, प्रतिष्ठान हुनुपर्छ । शुद्ध धर्म जीवनको अंग हुनुपर्छ । यसैमा हाम्रो साँच्चिकैको कल्याण, साँच्चिकैको मंगल समाएको छ । ❁

# अज्ञानी नै जब विज्ञ बन्छ ....



✍ डा. गणेश माली

फुर्सदको बेला बसीवियाँलो गफसफ गर्नुलाई मान्छे जातिमा हुने एउटा समान्य स्वभाव मान्न सकिन्छ । गफगर्ने कलामा पनि कोही बढी निपुण हुन्छन्, कोही कम । सामान्यतयाः गफगर्दा मान्छेहरु भएकै कुरागर्छन्, तर कोही गफाडि भने अरूलाई विशेष प्रभाव पार्ने उद्येश्यले आफैले कुराहरु थपी बढाईचढाई गरी गफगर्न सिपालु हुन्छन् । कोही कोही गफाडि यस्ता पनि हुन्छन्, जो अरूलाई हानी पुर्‍याउने वा निन्दा गर्ने नियतले अथवा बढी गुणगान-प्रशंसा गर्ने नियतले, भए नभएको कुरा थपेर काँटछाँट गरेर पत्याइपार्ने गरी कुरागर्न सिपालु हुन्छन् । बुद्धधर्ममा यसरी बकवास गर्नुलाई वचनबाट हुने अकुशल कार्य (नराम्रो काम) मध्ये एक मानिन्छ । तर यस्ता दुर्गुणहुने व्यक्तिहरूको दुनियाँमा कमी कहिल्यै भएन । स्वयं बुद्धलाई पनि निन्दा-प्रशंसा गर्नेहरु हुन्थे ।

यसरी ढाँटेको कुरालाई पनि काँटछाँट गरी मिलाउने खूवी भएका गफाडि प्रवृत्तिका व्यक्ति यदि बहुश्रुत, विज्ञ प्रतिभाशाली, जेहेन्दार, पण्डित भइदियो भनेता उनको उच्चस्तरीय बौद्धिक गफहरु पनि जनसाधारणलाई गफ नभै सत्य नै लाग्ने खालका हुन्छन्, यद्यपि ती कपोलकल्पित नै किन नहोउन् । हाम्रो समाजमा विज्ञ-पण्डितजनहरूलाई कदर गरिन्छ नै, उनीहरु माथिको श्रद्धाले गर्दा जनसाधारणले उनीहरूको कुराहरूलाई श्रद्धापूर्वक ग्रहण गर्छन् । अति श्रद्धाको कारण उनीहरूले बढाइचढाई ठिक्कपारी गरेका कपोलकल्पित कुराहरूलाई पनि यथार्थ नै सम्झी आँखाचिम्ली विश्वासगर्ने प्रवृत्ति जनसाधारणको हुन्छ ।

यसबारे एउटा उदाहरण यहाँ प्रस्तुत गरिन्छ । आजभन्दा करीव ३०० वर्षअघि, त्यसवेलाका कुनै विज्ञ जनले ईशाई धर्मशास्त्रमा लेखेका थिए कि हाम्रो अति गौरवशाली पृथ्वी विश्वको माझमा छ तथा आदरभावले सूर्य, चन्द्र, ताराहरु तथा ग्रहहरु पृथ्वीको चारैतिर घुमी रहन्छन् । त्यसबेलाका जनसाधारण यस कुरामा पूर्णतयाः विश्वास गर्थे । तर जब वैज्ञानिक गेलिलियोले टेलेस्कोपको आविष्कार गरे तथा पछि टेलेस्कोपलाई प्रयोग गरी वैज्ञानिक कपरनिकसले यो निष्कर्ष निकाले कि सूर्यलाई बीचमा पारी पृथ्वी तथा अन्य ग्रहहरूले सूर्यलाई घुम्ने गर्छन्, तब इशाई जगतमा ठूलो हलचल मच्चियो । त्यहाँका पादरीहरूले कपरनिकसलाई चर्चमा बोलाएर जनसमुदायबीच पहिले नै तैयार गरिराखेको कागजमा सही गर्न लगाए, जसमा यो लेखिएको थियो कि उनका खोजहरु गलत थिए । कपरनिकसले सही त गरे तर चर्चबाट निस्कँदै भने "E pur se mouve" अर्थात् तैपनि त्यो त घुमिरहेकै छ अर्थात् पृथ्वी सूर्यको चारैतिर घुमिरहेकै छ । यस घटनाले कपरनिकसलाई ठूलो आघात पार्‍यो । उनी त्यसपछि धेरै समयसम्म बाँचेनन् ।

परापूर्वकालदेखि वैज्ञानिक युगको थालनीसम्म पनि विज्ञजनहरु अज्ञानी जनसमुदायको आफूमाथिको असीम श्रद्धा र विश्वासबाट प्रेरित भएर विस्तार विस्तारै स्वयं आफैले पनि चाल नपाउने गरी बहकिएर विभिन्न जनचासोका विषयहरूमा आफूले केवल अठोत् वा परिकल्पना गरेको वा आफूले नै रचाको कथा मात्रलाई पनि सत्य रेखाको सीमा नाघेर "यही नै सत्य हो" भनी जनसमक्ष प्रकाश गर्न तिर लागे ।

विश्वको उत्पत्ति र विकास कसरी भयो ? मानिस, जीवजन्तु तथा वनस्पतिहरूको उत्पत्ति कसरी भयो ? पृथ्वीमा परिवर्तन किन र कसरी भइरहेको छ ? परापूर्वका व्यक्तिहरु (देव-दानवादि) कस्ताकस्ता थिए, उनीहरूले के के गरे ? हामी किन मर्छौं र किन जन्मन्छौं ? मानसिक वा शारीरिक रोग कसरी लाग्छ, कसरी निको हुन्छ ? प्राकृतिक प्रकोपहरु किन हुन्छन् ? मरेपछि हामी के हुन्छौं ? इत्यादि जनमानसमा उत्पन्न भइरहेका र हुने, अनेक उत्कण्ठाका विषयहरूमा आफ्ना प्रतिभा, कल्पना तथा तर्क शक्तिको प्रयोग गरी आफूले अठोत गरेका परिकल्पनाहरु वा आफूले रचेका कथाहरूलाई पनि यो नै सत्य हो भनी ठोकुवा गरी जन समुदायमा विश्वास दिलाउन विज्ञ-जनहरु कहिल्यै चुकेनन् ।

आफूले सुनेका, देखेका, जाने-बुझेका तथ्यहरूको आधारमा "यो यस्तो हुनुपर्छ" भनी अठोत गर्नु एउटा कुरो हो भने "यो यस्तै हो" भनी ठोकुवा गर्नु विलकुल अर्कै कुरो हुन जान्छ । अठोत वा परिकल्पना गर्दासम्म त हामी सत्य रेखाको वारी मात्र हुन्छौं, तर अठोत वा कल्पनालाई नै "यो यस्तै हो" भनी ठोकुवा गर्दा हामी सत्य रेखा नाघ्न पुग्छौं । ठोकुवा गरेको कुरा यदि पछि गलत सावित भएमा हामी धर्मसंकटमा पर्छौं जसरी पृथ्वीलाई सूर्य, चन्द्र, ताराहरूले घुमिरहेका छन् भनी इशाई धर्मशास्त्रमा लेख्ने विज्ञ-जनहरु पर्न गए। विना निरीक्षण-परीक्षण प्रयोग गरी अठोत मात्र गरिएको कुरालाई ठोकुवा गर्नुलाई हामी अवैज्ञानिक अतिपण्डितीय गलत कदम भन्न सकिन्छ । यस्को विपरीत वैज्ञानिकहरु अठोत वा परिकल्पना गरिएकोलाई पनि निरीक्षण-परीक्षण प्रयोगहरु गरी ठीक निस्केमा

मात्र ठीक भनी ठोकुवा गर्ने गर्छन् ।

त्यसबेलाका विज्ञ-जनहरूले आफ्नो अठोत वा परिकल्पनालाई नै 'यही नै सत्य हो" भनी जनसमक्ष ल्याउनु पर्ने संभवतः दुई कारणहरु हुन सक्छन् -

१) खोजीनीति, परीक्षण, निरीक्षण प्रयोग इत्यादि गरी हेर्नलाई त्यसबेला न समय नै थियो न साधन ।

२) त्यस बेलाको जनमानस केवल अठोत अर्थात् 'यस्तो हुनसक्छ' भन्ने अधकल्चो कुराले मात्र सन्तुष्ट हुनेवाला थिएन, उनीहरु 'यो यस्तै नै हो' भन्ने ठोस सत्य कै अपेक्षा गर्दथे ।

विभिन्न जनचासोका विषयहरूमा संभाव्य उत्तरहरूले मात्र नपुग्ने भएकोले र यी विषयहरूमा आफू पनि अज्ञानमै रहेको भनी जाहेर गरेमा आफूप्रतिको श्रद्धा र विश्वास नष्ट भएर जाने डरले पनि हाम्रा पूर्वकालदेखिका विज्ञ-जनहरूले सत्यको सीमा नाघ्ने खतरा मोलेर भए पनि आफ्ना अज्ञानतालाई लुकाई अठोत वा परिकल्पनाहरूलाई नै "यही नै सत्य हो" भनी जनसमक्ष प्रस्तुत गर्ने हिम्मत गरे होलान् । ग्रीक दार्शनिक सुकरातले जस्तै "यस्मा मलाई पनि यकीनन् थाहा छैन, खोजीनीति गरौं न त" भन्ने खालको विनम्रता उनीहरूले अपनाएनन् ।

यही सिलसिलाले अनेक कथाहरु रची, कथाका पात्रहरूको चरित्रलाई अतिरंजित गरी दर्शाई, कथालाई ऐतिहासिक रूपदिने, तथा कथाका प्रसिद्ध पात्रहरूबाट गरिमामय वाणीहरु भन्न लगाउने, तथा यस्ता कथाहरूलाई पवित्रता दिई लोकप्रिय गराउने कार्यमा पनि हाम्रा विज्ञ-जनहरु सिद्धहस्त सावित भए ।

आजको वैज्ञानिक युगमा पनि जनसाधारणमा सदियौंदेखि चलिआइरहेको उनीहरूको प्रभाव तड्कारो रूपमा देखिआएकै छ । तापनि कतिपय जनचासोका विषयहरूमा परीक्षण तथा प्रयोगहरूद्वारा खारिएका वैज्ञानिक अवधारणाहरु प्रकाशमा आइरहेकाले नयाँ वैज्ञानिकको प्रकाशमा पुराना विज्ञ-जनहरूको प्रभावमा फिक्कापन आइरहेको पनि यत्रतत्र महशुस भैरहेको नै छ । आजभोलि यस्ता विज्ञ व्यक्तिहरु पनि देखिन थालेका छन्, जो पुराना केवल श्रद्धा र विश्वासको भरमा समाजमा प्रचलित कुराहरूमा सहज विश्वास गर्दैनन्, बरू यस्ता कुराहरूलाई उनीहरु थरी थरीका अतिरञ्जित गफहरु मात्र ठान्दछन् ।

समय अनुसार समाजमा वैचारिक वा वौद्धिक परिवर्तनहरु आउँदै गर्नु स्वभाविकै छ, तापनि कैयौं सदीसम्मन् पनि तरह-तरहका विचार वा अवधारणहरूलाई लोकप्रिय बनाई, जनसाधारणको थरी थरीका विषयहरु बारेका उत्कण्ठाहरु परिपूर्ति गरी मन जिती राख्नसक्ने हाम्रा पूर्वकालका विज्ञ-जनहरूको बौद्धिक क्षमतालाई कदर गर्नु वाञ्छनीय नै हुनेछ ।

॥ अस्तु ॥ ☸

# निर्वाण कामना

**अनिच्चावत संखारा,**
**उप्पादवय धम्मिनो ।**
**पप्पजित्वा निरूजभन्ति,**
**तेसं वूपसमोसुखोति ॥**

**दिवंगत भिक्षु राष्ट्रपाल महास्थविर**
**जन्म- बि.सं. १९८१ पौष २**
**मरण- बि.सं. २०६६ फागुन ३**

बुद्धशासनमा समर्पित श्रद्धेय भिक्षु राष्ट्रपाल महास्थविरको ८७ वर्षको उमेरमा निधन हुनुभएको पुण्यस्मृतिमा अनित्यानुपश्यी भई धर्मसंवेग उत्पन्न गरी उहाँको योगदानलाई स्मरण गर्दै उहाँलाई सुगति प्राप्त होस् भनी कामना गर्दछु ।

आनन्द भूमि

**आनन्द भूमि परिवार**
**आनन्द कुटी विहार**
स्वयम्भू ।

# बुद्धधर्म र धन



✍ प्रा. सुवर्ण शाक्य

बुद्धधर्म आदर्शमय कल्याणकारी मानव धर्म हो । मानव धर्म भन्नुको अर्थ मनुष्य मात्रमा आइपर्ने दुःखलाई पहिल्याएर त्यस दुःखलाई निवारण गर्न प्रयास गरिने धर्म भनिएको हो । चरणाचरणजगत्को रूपमा रहेको यस दुनियांमा पशु, पक्षी, कीट पतंग र प्राकृतिका यावत् बस्तुहरु सबै मानवसरोकारका वस्तु हुन् । यस्ता मानवसरोकार रहेका सम्पूर्ण कुरामा मानवले करूणाभावले समतामा व्यवहार गर्नु वास्तविक मानव कहलाउनु हो । यस्तो मानवीयता विषयमा कडारूपमा मानवकोलागि शिक्षा दिएर त्यसप्रकारको शिक्षालाई व्यवहारमा पालन गराउन निरन्तर प्रयत्न गर्ने धर्म बुद्धधर्म नै हुनसक्छ । बुद्धधर्ममा बोली-वचन नरम भएपनि नियम त्यसको विपरीत छ । विनय, शील र सदाचारविना मानवको मूल्य रहँदैन र विनामूल्यको मानवले जुनिजुनि पर्यन्त दुःखको भुमरीमा फसिंराख्ने हुन्छ । यो नै बुद्ध- शिक्षाको सार रहेको हुनाले यो सारलाई ग्रहण गरी जीवन संचालन गर्नु ज्यादै कठिन कुरा हो । जीवन संचालनमा धेरै कुराको आवश्यकता पर्दछ । यस्तो आवश्यकता मध्ये धन पनि एउटा मानिएको छ । धन अथवा पैसाले विपन्न अथवा सम्पन्न दुबै अवस्थामा मानिसलाई बुद्धधर्मको शिक्षाचरणमा रहन अति गाह्रो भएको छ । स्वच्छ र सन्तुलित जीवनमा धनले ठूलो सम्बन्ध गाँसेको हुन्छ । धनको प्रयोग एउटा जटिल विषय हो । धन कमाउने र खर्च गर्ने कुरामा बुद्धले आफ्नै सिद्धान्त अपनाएका छन् । बुद्ध स्वयं व्यावहारिक भएको हुनाले आवश्यक धनको लागि परिश्रम गर्नुपर्ने र परिश्रमले आर्जन गरेको धनलाई बजेट बनाई दैनिक गुजारादेखि सेवा र धर्मपर्यन्तको क्षेत्रमा बाँडफाँड गरी सदुपयोग गर्ने कुरा बताएका छन् । बुद्धको प्रत्येक पक्षको शिक्षामा होश् पुर्‍याई व्यवहारमा लाग्नुपर्ने कुरा रहेको छ । हरकुरामा नैतिक तवरले लाग्नुपर्ने हुन्छ र धनप्राप्तिमा पनि नैतिक आधारका कुरा बताइएका छन् । दुःखै दुःखले भरेको जीवनमा धन भएपनि दुःख, र नभएपनि दुःख छ । यो स्वभाविक दुःखलाई धनसम्बन्धमा मात्राजन्य आम्दानी खर्चको विवरणले समाधान गर्न सकिने उपाय भगवान्‌को शिक्षामा बताइएको छ । दुःख हटाउने उपायमा आर्यअष्टांगिक मार्गलाई अगाडि सारी सम्यक् दृष्टि, सम्यक् संकल्प, सम्यक् वचन, सम्यक् कर्मान्त, सम्यक् आजीव, सम्यक् व्यायाम, सम्यक् स्मृति र सम्यक् समाधिको व्याख्या र उदाहरण समेत दिई यी ८ कुरालाई विशेषरूपमा प्रस्तुत गरिएको छ । जसमध्ये सम्यक् आजीवले धनसंबन्धमा सरोकार राख्दछ ।

मानिसले धन कमाउंछ र जीवन गुजारा गर्दछ । कमाइएको धनले पुण्य संचय गर्ने, सेवा पुर्‍याउने, लोककल्याण गर्ने र निर्वाणत्व प्राप्त गर्नेसम्मको कुरालाई ओगट्न सक्दछ । परिश्रमको फल र व्यापारको कमाइ धनप्राप्ति हो भने धनद्वारा कमाइने दुःखान्तको स्थिति हो । यस विषयमा कुरा गर्दा पंचशीलभित्रको 'अदिन्नादाना वेरमणि सिक्खापंद समादियामि' ले धन प्राप्तसँग सम्बन्ध राख्दछ । अरूले नदिइएको वस्तु लिनु अर्थात चोरेर लिनुले मानिसको प्रतिष्ठा गुम्नगई नैतिकरूपमा अवहेलनाको भागी हुनुपर्ने हुन्छ । नैतिकता गुमेको जीवन सार्थक हुँदैन । त्यस्तो जीवनमा निर्वाणत्व त असम्भव नै हुने भयो । दुराचारद्वारा प्राप्त गरेको धनले पुण्यलाई खियाउँछ सिबाय् वृद्धि हुँदैन । धनी मानी वा दानी भनी देखाउन धन प्रयोग गरी सेवाभाव देखाउनेको लागि बुद्ध धर्ममा उचित स्थान हुँदैन किनकि एउटा स्वांगले अर्को स्वांग बढाउँछ र स्वांग भनेको पापाचारको माध्यम हो । देखौवा सेवा गर्नेले भित्र-भित्र धेरैको कुभलो गरिराखेको हुन सक्छ । भगवान् बुद्ध भन्दछन्, गुप्त पाप असम्य हुन्छ । धनकोलागि आफन्तका बीचमा पर्यन्त दाउपेच हुने हुन्छ । यस्ता दाउपेचले समाजमा अशान्ति उब्जने हुन्छ । शान्तिको लागि अपनाउने धर्ममा अशान्ति उब्जने खालको कुरामा होश राखी इमान्दारी विद्यमान हुनु धर्मको ख्याल रहनु हुनेछ । यसैले मानिसको जीवनमा विद्यमान दुःख हटाउन बुद्धधर्ममा सम्यक् आजीवको नियम प्रतिपादित गरिएको छ । सम्यक् आजीव अथवा राम्ररी जीविका गर्ने हो भने पैसा कमाउने कार्य र व्यापारमा कुनैप्रकारको धोखा हुनुहुन्न । कसैप्रति शोषण र अन्याय गरिनुहुन्न । कसैलाई कुनै तवरले नोक्सान पुर्‍याउनुहुन्न । बुद्धधर्मका उपासक हुनेले धनको खातिर मान्छेको बेचबिखन गर्ने, मासु बेच्ने, शस्त्रास्त्र बेच्ने, विषयको कारोबार र जाँड रक्सीजस्ता अम्मली वस्तु बेच्ने काम धन्दा गर्नुमा निषेध छ । ऋण दिएर बढी ब्याज लिने, वेश्यावृत्तिबाट आर्जन गर्ने आदि कुराबाट कुनैपनि बौद्ध अलग रहनुपर्दछ । मानिसमा सादा जीवनको लागि धन हुनुपर्दछ, सिबाय भड्किलो जीवन बिताउन धन रहनु आवश्यक छैन । भड्किलो जीवनले

मानिसमा भौतिक सुख बढाउने हुन्छ र भौतिकताको अवलिप्तताले मानिस दुःखको भुमरीमा फँस्दै जानु सिबाय बुद्धको शिक्षा अनुरूपको त्याग र भोगबाट अलग हुने होइन्न । भौतिकतामा अवलिप्त रहेकाले आफूलाई बुद्धधर्मानुकूलको भनिरहनु ढोंगमात्र हुने हुन्छ । बुद्धधर्म मन, वचन र कर्मले यथार्थरूपमा समान हुनुलाई भनिन्छ । जीवन अपनाउने तरिका धेरै छन् तर जीवन साकार पार्न कठिन संयम विद्यमान हुनुपर्दछ ।

विश्वसमाजमा बुद्धलाई सम्मान गरी बुद्धधर्मका शान्ति नीतिलाई उद्घोष गरिएतापनि धन संबन्धको कुरामा बुद्धको शिक्षालाई अपनाउन सकिएको छैन् । बुद्धबाट जनकल्याण नहुने भूमि निषेध गरिएको जाँड रक्सी राष्ट्रिय आम्दानीको राम्रो स्रोत भनेर त्यो वस्तुको उत्पादन र व्यापारमा रोक लगाउन सकिएको छैन् । त्यस्तै राष्ट्रिय आर्थिक स्रोतको रूपमा सघाउ पुर्‍याएको भनी बौद्ध देशमा गनिएको राष्ट्रमा पर्यन्त वेश्यावृत्तिलाई रोक्न नसकिएको तड्कारो उदाहरण पनि पाइएको छ । यसरी काम एकातिर कुरा अर्कोतिर भई विश्वसमाजमा बुद्धको शिक्षा हात्तीको दोखाउने रम्य दाँत भैं भइरहेको पनि देखिइएको छ । समाजमा उच्चस्तरको बौद्ध नेतामा गनिने व्यक्तिहरू, बौद्ध विद्वानहरू, बुद्धधर्मका अनुयायीहरू पर्यन्त बुद्धको नीति नियम पालनामा असफल रहेका छन् ।

बुद्धधर्म र अर्थ सम्बन्धमा २६०० वर्ष पहिलेदेखि व्यवहारिक स्वच्छता ल्याउने प्रयास जारी रहेको स्वरूप बुद्ध धर्मावलम्बीहरू आजसम्म विद्यमान रहेतापनि सामाजिक विकृति यथावतभैं रहेको देखिएबाट अर्को २६०० वर्ष लाग्दा पनि धर्म र धनपक्षमा बुद्धको उपदेश फलीभूत होला जस्तो लागेको छैन । बुद्धधर्ममा सस्तो क्षमायाचनाको कुरा हुँदैन बरु एकपटकलाई नियम चुकाई गरेको भूराको लागि क्षमा प्रदान गरी क्षान्ति पारमितालाई पालन गरिने हुन्छ । एउटै कुरामा पटक-पटक भूल दोहोर्‍याउने जस्तो कुराले बुद्धधर्म स्वार्थपूर्तिको लागि हतियारको रूपमा लिइने गरिएको देखिएको छ । धर्म ठूलो कि धन ठूलो भन्ने प्रश्न आएमा सम्यक् आजीवको हिसाबले हेर्ने हो भने धन पनि कम महत्वको वस्तु देखिँदैन । धर्म त मानिसको आत्मसातको कुरा नै भयो । धर्मलाई धेरैले सम्मान गर्दछ र आस्थाको वस्तु संभेको हुन्छ तर व्यवहारमा भने धर्मप्रति बेइमानी भएकोमा महशुस गर्दैनन् । मात्र कर्मकाण्डविधिलाई पालन गरी धर्म मान्नेहरू देखिएका छन् सिबाय व्यवहार र आचरणमा शुद्ध धर्मका कुरा प्रयोग भएको देख्न ज्यादै दुर्लभ छ । यस परिप्रेक्षमा धर्म र धन दुबै एकाकारमा राखी बुद्धको शिक्षालाई अपनाउने खालको शिक्षालय संचालन गरी प्रयोगात्मक रूपमा मूल्याङ्कन गरिने जमर्को हुन सके केही हद्सम्म स्वच्छ धर्मपालनमा जोड दिई शान्तिकामीहरूको लागि वास्तविक शान्ति मिल्नेछ । शान्तिको चरमविन्दु निर्वाणमार्ग हो । बुद्धधर्मको अन्तिम उपलब्धि निर्वाण भएकोले 'धन' को कारण निर्वाण मार्ग अवरूद्ध नहोस् र धनको सदुपयोगबाटै निर्वाणमार्ग पनि खोलोस् भन्ने चाहना बौद्धमात्रको हुनु उचित छ । ❁

## बुद्धवचन-धम्मपद

**यथापि रूचिरं पुप्फं - वण्णवन्तं अगन्धकं ।**
**एवं सुभासिता वाचा - अफला होति अकुब्बतो ।।'**

**अर्थ** : फूल राम्रो भए पनि वास्ना आएन भने काम लाग्दैन, त्यस्तै कुरा राम्रो भए पनि कार्यान्वयन भएन भने निष्फल हुन्छ ।

**'यथापि रूचिरं पुप्फं - वण्णवन्तं सुगन्धकं ।**
**एवं सुभासिता वाचा - सफला होति सकुब्बतो ।।'**

**अर्थ** : फूल राम्रो भएर वास्ना पनि मिठो भएमा त्यो फूल काम लागेभैं कुरा गरे अनुसार काम पनि गरेमा त्यस कुराको मूल्य रहन्छ ।

**'दिसो दिसं यं तं कयिरा-वेरी वा पन वेरिनं ।**
**मिच्छा पणिहितं चित्तं-पापियो नं ततो करे ।।'**

**अर्थ** : वैरीले वैरीलाई अर्थात् शत्रुले शत्रुलाई जति हानी, नोक्सानी गर्ने हो, त्यो भन्दा पनि अधिक मात्रामा कुमार्गमा लागेको चित्तले हानी, नोक्सानी गर्दछ ।

**'न परेसं विलोमानि - न परेसं कताकतं ।**
**अत्तनो'व अवेक्खेय्य - कतानि अकतानि च ।।'**

**अर्थ** : अर्काको दोष अर्थात् अरूले के गर्‍यो, के गरेन भनी हेर्नु भन्दा आफ्नो दोष अर्थात् आफूले के गरें, के गरिन भनी हेर्नु नै राम्रो हुन्छ ।

# विश्वशान्तिको लागि धर्मनिरपेक्षता



✍ लोकबहादुर शाक्य

धर्म आदर्श जीवनको आधार हो । सबै मानिसहरु सुखपूर्वक जीवन निर्वाह गर्न चाहन्छन् । धेरै जसोले यथार्थ सुख नजानेर मिथ्या सुखतिर अग्रसर हुनेहुन्छ । वास्तविक सुख भित्रको शान्तिमा हुन्छ । शान्ति चित्तको पवित्रतामा हुन्छ । क्लेश नभएको चित्तको अवस्था नै याथार्थ सुख-शान्तिको अवस्था हो । निर्मल चित्तको आचरण नै धर्म हो । मनमा लोभ, द्वेष, मोह, भय प्रकट भयो कि सुख हुँदैन । अनि जबर्जस्ती चोर्ने, व्यभिचार, झुठा, छलकपट, चुकुली, परनिंदा आदि भावना प्रकट भयो भने दुःख भोग्नुपर्ने हुन्छ । चित्त व्याकुल भयो भने अशान्त वातावरण सिर्जना हुने हुन्छ । यस प्रकारको वातावरणबाट वच्नको निम्ति आफ्नो पलपलाको काम कुरोमा होस तथा जागरूक भएर द्वेषमुक्त गरिराख्नु कुशल कर्म भयो । धर्मधारणको सही अभ्यास पनि यही भनेर बुझ्नुपर्‍यो ।

आचार्य सत्यनारायण गोयन्काकृत "धर्म-आदर्श जीवनका आधार" पुस्तक अनुसार कुनैपनि काम गर्नुअघि तथा गरिरहने वखतमा सो कार्यबाट आफूलाई र अरूलाई मङ्गल हुने हो होइन विचार गरेर गर्नुपर्ने रहेछ । मङ्गल हुने भए गर्ने नत्र नगर्ने निर्णय गर्नु पर्दछ । विवेक बुद्धिद्वारा जाँच गरेर काम गर्नु सर्वप्रकारले मङ्गल हुन्छ । कहिले असावधानीपूर्वक काम गरेर अकुशल काम हुनगयो भने दुःख नमानी प्रायश्चित गरेर साथीहरु अथवा कल्याणमित्रसँग सम्पर्क राखेर आफ्नो भूल स्वीकार गरी सुझाव लिने उत्तम उपाय भयो । पछि धेरै सावधान भएर काम गर्ने दृढ संकल्प गरी सुधार गर्ने वैज्ञानिक तरीका पनि हो । यहाँ यस कुरा पनि बुझ्नु पर्दछ कि हाम्रो सत्कर्म तथा दुष्कर्म आफूलाई मात्र सुखी दुःखी बनाउने होइन साथमा रहेका साथीहरूलाई पनि प्रभाव पार्दोरहेछ । मानिसहरु समाजका अरू सदस्यहरु साथ पनि बसिरहन्छन् । यो समाजको अविभाज्य अङ्ग हो । समाजबाट आफूलाई र अरूलाई पनि असर परिरहन्छ । त्यसैले धर्म साधनद्वारा आफ्ना नैतिक जीवन निर्वाह हुने मात्र होइन दुष्कर्मीहरूलाई पनि सत्कर्मको असर पारी असल वातावरण सिर्जना हुनेहुन्छ ।

जीवन व्यवहारको मूल्यांन गर्न धर्म साधना हो । धर्मचर्याद्वारा जीवनस्तर उँचा नभए, लोक व्यवहार सुधार नभए, मङ्गलमय जीवन नभए, धर्म के कामको निम्ति भनेर प्रश्न गर्ने अवस्था पनि हुनसक्छ । यथार्थ रूपले चिन्तन मनन् गर्नुपर्ने त धर्मबाट पारस्परिक सम्बन्ध सुधार गर्नु हो । परिवार, समाज, जाति, राष्ट्र, अन्तरराष्ट्र आदि सबै पारस्परिक सम्बन्ध व्यक्ति-व्यक्तिद्वारा भइरहन्छ । अतः शुद्ध धर्म यही हो कि प्रत्येक मानिसले जीवनमा अरूसँग व्यवहार सम्बन्ध सुधार गर्नुपर्दछ । धर्म भनेको यही जीवनमा सुख-शान्तिपूर्वक निर्वाह गर्नुको निम्ति हो । मरणपछि अज्ञात स्वर्गको भोग गर्नुको निम्ति होइन । अन्जान नरकबाट बच्नको निम्ति पनि होइन । भविष्यको चिन्ता नलिई वर्तमान सुधार गरियो भने भविष्य स्वतः सुधार हुने हुन्छ । धर्म सबैलाई यही जीवनमा सुख-शान्तिमय बनाउने हेतु हो । अझ धर्म भनेको आफ्नो र अरूको कल्याणको कारण सम्झेर पालन गर्नुपर्ने हो ।

शुद्ध वायुमण्डलमा रहने, शुद्ध हावा सेवन गर्ने, शरीर सफा गर्ने नचाहिँदो चिन्तानलिने, शुद्ध सात्विक भोजन गर्ने आदि दैनिक व्यवहारबाट निरोगी भई दीर्घजीवनको निम्ति महत्वपूर्ण आधार तथा हितकर हुने हुन्छ । अशुद्ध, अस्वस्थ वातावरणमा रहे भने शरीर र वस्त्र गन्हाउने हुन्छ । अनि दूषित भोजन गर्‍यो कि स्वास्थ्यलाई हानी हुने मात्र होइन रोगी तथा दुःखी पनि हुनसक्छ । यस्तै प्रकारले मन असन्तुलित अवस्थमा रहे भने आकुल व्याकुल भई रोगग्रस्त पनि हुनसक्छ । त्यसैले विक्षिप्त मनस्थिति भएको अवस्थामा ध्यान चर्याद्वारा स्थिर प्राप्तिको भावना उत्तम उपाय हो । स्वास्थ्य विज्ञानको नियम सबैको शरीर तथा चित्तमा समान रूपबाट प्रभाव पर्ने सिद्धान्त बिर्सनु भएन । यी सबै कुराको विचार गर्दा धर्म आदर्श जीवनको शैली हो, सुखपूर्वक जीवन निर्वाह गर्ने पावन पद्धत्ति हो, शान्ति प्राप्त गर्ने विमल विद्या हो अनि सर्व जनकल्याणी आचार संहिता हो । शीलवान, समाधिवान, प्रज्ञावान, अनासक्त हुने तथा मैत्री-प्रेम, करूणा, जनसेवा, सामाजिक समानभावना विकसित गर्नु बौद्धहरूका निम्ति मात्र होइन हिन्दु, जैन, ईसाइ, मुसलमान सिख, किरात आदि सबै धर्मावलम्बीहरूलाई पनि हो । धर्मपालनको लक्ष भनेको मानिसहरु

सच्चा मानव भएर मनुष्य जीवन सफल अनुसार निर्वाह गर्नु हो ।

जहाँसम्म नेपालको सन्दर्भमा कुरा गर्दा नेपाल एक बहुजातीय, बहुधार्मिक, बहुसाँस्कृतिक र बहुभाषिक मुलुक भएकोले एक जात्ति, एक भाषा, एक धर्म र एउटा सँस्कृतिलाई मात्र विशेष अधिकार र मान्यता दिइनु हुँदैन । राज्यबाट धर्म मान्ने होइन, व्यक्तिले धर्म मान्ने सत्य तथ्य कुरा सर्वव्यापी भइरहेको छ । धर्मनिरपेक्ष राज्यमा कुनै धर्मलाई विशेष संरक्षण तथा अरू धर्मलाई संरक्षणबाट वञ्चित गरिएको हुँदैन साथै धर्मको आधारमा नागरिकहरु बीच भेद नभई सबैलाई समान दृष्टिकोण अपनाएको हुन्छ । नागरिकले स्वेच्छाले आफ्नो मनपर्ने धर्म अवलम्बन गर्ने, अभ्यास गर्ने र प्रचारप्रसार गर्न स्वतन्त्र हुन्छ ।

नेपालमा एकतन्त्री शासन कालमा एक धर्मको प्रभुत्व थियो । २००७ सालमा प्रजातन्त्र प्रादुर्भाव भएपछि आफ्ना आफ्ना धर्म मान्न पाएपनि धर्मनिरपेक्ष राज्य नभएकोले स्वतन्त्र रूपले धर्म मान्नमा बाधा हुँदै थियो । लोकतन्त्र गणतन्त्रको प्रादुर्भाव भएपछि नेपालको अन्तरीम संविधान २०६३ मा धर्मनिरपेक्ष राज्य घोषणा भएको महत्वपूर्ण छ । अब भावी संविधान निस्कन नपाउँदै धर्मको यथार्थ उद्देश्य नबुझ्ने र देशको नाजुक स्थितिबाट मौका छोपी धर्मनिरपेक्षताको विरोध र हिन्दू-राज्यको माग गर्दै खतरनाक कार्यक्रम चालुरहेको पनि देखिन्छ । "धर्मनिरपेक्ष गलत : प्रचण्ड" शीर्षकको समाचार प्रकाशनमा आएको त मानव अधिकारमा कुठाराघाट भएको भन्नुपर्‍यो । हुन त यसबारे सम्बन्धितको प्रतिक्रिया आएको छैन । आउने आशा गर्नु पर्दछ । धर्मनिरपेक्ष राज्यको लागि महत्वपूर्ण योगदान गर्ने सच्चा नेताले अब गणतन्त्र लोकतन्त्र भैसेकेको अवस्थामा एकतन्त्री शासनको धर्म, जाति भाषाको भेदको अवशेष बाँकी राख्न सर्वथा अनुचित भएकोले मनुष्यत्वको ख्याल गरी धर्मनिरपेक्ष राज्य कायम गर्नेतिर मानवीय गुण विवेक बुद्धि प्रयोग गर्न विनम्र अनुरोध गर्दछु । राष्ट्रि बौद्ध संघ धर्मोदय सभाले धर्मनिरपेक्ष राज्य कायम गर्ने विषयमा समर्थन गर्ने सबै धर्मावलम्वीहरुको प्रतिनिधित्व हुनेगरी वृहत भेला आयोजना गर्न पहल गरेको उत्साह जनक छ । यहाँ यो कुरा पनि उल्लेखनीय छ कि अधिकांश मुलुकमा धर्म र जाति विषयलाई लिएर बेलाबखतमा झै-झगडा र अशान्त भएको सुनिन्छ । त्यसैले धर्मनिरपेक्ष-राज्यअन्तरगतको धार्मिक र जातीय समानता बोध गरेर व्यवहारमा प्रयोग गर्नसके विश्वशान्तिको निम्ति महत्वपूर्ण योगदान हुन्छ ।

सुखी-दुःखी हुनु पनि चित्तको खेल हो । धर्मचित्त उत्पन्न गरेर विश्वशान्तिको निम्ति योगदान गर्न वज्रयान सम्प्रदायका मुख्य आधार सर्वप्रकारले जगतहित, समानता र धर्मसमन्वय अनुकरणीय छ । आफू मात्र असल भएर पुग्दैन । परिवार, समाज र देशवासी सबैले सक्दो सेवा गर्ने मनोवृत्ति सिर्जना गर्नु अनिवार्य छ । समुन्नत तथा शान्तिपूर्ण समाज सिर्जना गरेर विश्वशान्तिको निम्ति मैत्री, करूणा, मुदिता, उपेक्षा भावना विकसित गर्न बिर्सनु भएन । आफू र अरू फरक छैन भनेर चिन्तन मनन गरी समान दृष्टिकोण अपनाउन सके लोक कल्याणकारी काम गर्नसक्ने हुन्छ । यहाँ आदरणीय विपश्यना आचार्य सत्यनारायण गोयन्काज्यूको अति उच्चस्तरको उक्ति - "हिन्दूधर्म धर्महोइन, बुद्धधर्म धर्म होइन, क्रिश्चियन-धर्म धर्म होइन, मुश्लिमधर्म धर्म होइन, धर्म धर्म हो" अनुकरणीय छ । यस देशनाको लक्ष भनेको एक मात्र धर्ममा आसक्तभै अरू धर्मलाई समान देख्न सकेन भने साम्प्रदायिक भावना प्रकट हुने भयो । अझ सबै धर्मको उद्देश्य भनेको "कुशल, मङ्गल, सेवामूलक काम कुरा गर्ने, मैत्री करूणा समान भावना राख्ने हो" त्यसैले आफ्नो धर्ममात्र ठूलो भन्ने भावना नराखी सबै धर्मलाई समान दृष्टिकोण तथा समन्वयात्मक भावना विकसित गरी माथि उल्लेख भएबमोजिमको यथार्थ सच्चा धर्म बुझेर आचरण गर्नु समयको माग छ ।

अस्तु ॥ ☸

## हार्दिक अनुरोध

**नेपालको पहिलो बौद्ध मासिक पत्रिका आनन्दभूमिका लागि आफ्ना विचार, तर्क, नियात्रा, दृष्टिकोणजस्ता कुराहरू समावेश गरी वर्तमान परिप्रेक्ष्यमा अनुकुल हुने गरी जनअभिरूचिपूर्ण नयाँ नयाँ तथ्यहरूका साथ लेखरचना पठाईदिनु हुन हार्दिक अनुरोध गर्दछौं ।**

राष्ट्रिय अखण्डता, सामाजिक मर्यादा,
भेदभावरहित सत्य तथ्य सूचनाको सम्प्रेषण,
शान्ति प्रवर्द्धनमा अग्रसर हुनु सबैको कर्तब्य हो ।

अनुशासन र नैतिकता विहीन ब्यक्ति पशुभन्दा
पनि तुच्छ हुन्छ । यसैले राष्ट्रिय जीवनका हरेक
आयामहरूमा उदाहरणीय अनुशासन र नैतिकता
कायम गर्न आजैदेखि आफैबाट
त्यसको शुरूवात गरौं ।

नेपाल सरकार
सूचना तथा संचार मन्त्रालय
**सूचना विभाग**

# भिक्षु महासंघको संक्षिप्त ऐतिहासिक चिनारी



✍ कोण्डन्य

बुद्धधर्मलाई बुद्धशासन पनि भनिन्छ । बुद्धशासनलाई निरन्तरता दिन चतुपरिषद्को् व्यवस्था स्वयं बुद्धकालदेखि निरन्तर चल्दै आएको देखिन्छ । बुद्धशासनका चारवटा पाँग्रा (चक्र) भनी भिक्षु, भिक्षुणी, उपासक तथा उपासिका समूहलाई इंगित गरिएको छ ।[१] यी चारपरिषद्ले बुद्धशासनलाई चिरस्थायी गर्न अहं भूकि निभाउँदै आएका छन् । बुद्धोपदेश चारपरिषद्अन्तर्गत भिक्षुहरूका लागि २२७ तथा भिक्षुणीहरूका लागि ३३१ वटा[२] विनय-नियम निर्धारण गरिएको छ भने उपासक-उपासिकाहरूका लागि गृहविनय अर्थात गृहस्थधर्म नियम निर्धारण गरिएको छ । समयको अन्तरालसँगै थेरवादी बुद्धधर्मको प्रभावित मुलुकहरूका चतुपरिषद्ले बुद्धशासनलाई निरन्तरता दिँदैजान प्रज्ञप्त गरिएका विनय-नियमलाई आधारभूमिका रूपमा स्वीकारी अघि बढिरहेका छन् ।

(क) नेपालमा बुद्धशासनको उन्नति गर्ने ।

(ख) अखिल नेपाली भिक्षुहरु सांगठनिक हुने तथा संघ-शक्तिलाई मजबूत पार्ने ।

(ग) भगवान् बुद्धको शिक्षाद्वारा प्राणीमात्रको कल्याण गर्ने ।

(घ) प्रत्येक अन्तर्राष्ट्रिय बौद्ध संघसंस्थासँग सम्बन्ध गाँस्ने, जुनसुकै धार्मिक तथा सामाजिक संघसंस्थासँग मैत्रीभाव स्थापित गर्दै लाने ।

उपरोक्त उल्लेख्य चारवटा मूलभूत उद्देश्य राखी नेपालका प्रथम संघमहानायक दिवंगत भिक्षु प्रज्ञानन्द महास्थविरको प्रमुख उपस्थिति तथा दिवंगत आचार्य डा. भिक्षु अमृताननद महानायक महास्थविर, दिवंगत संघनायक भिक्षु सुबोधानन्द महास्थविरलगायत अन्य भिक्षु तथा श्रामणेर गरी १७ जनाबीच परस्पर विचार आदान-प्रदान, छलफल पश्चात् नेपाली भिक्षुहरूको छुट्टै संघ-सभा स्थापना गरीनुपर्ने सर्वसम्मतिअनुरूप २००८ साल मंसिर २३ गते शनिवारका दिन आनन्दकुटी विहारमा **'अखिल नेपाली भिक्षु महासंघ'** को स्थापना भएको थियो । सर्वप्रथम वैधानिक रूपमा स्थापित अखिल नेपाली भिक्षु महासंघको सभापति भिक्षु प्रज्ञानन्द, उपसभापति भिक्षु शाक्यानन्द, मंत्री भिक्षु अमृतानन्द, उपमंत्री भिक्षु सुबोधानन्द तथा सदस्यहरूमा भिक्षु बुद्धघोष, भिक्षु प्रज्ञारश्मी, भिक्षु संवर, भिक्षु अग्गधम्म र भिक्षु धर्मपाल रहनुभएको थियो । यसपछि २०१२ साल आषाढ ११ गते भारतीय भिक्षु भदन्त आनन्द कौशल्यायनको सभापतित्वमा १७ जना भिक्षु-श्रामणेरहरूबीच पहिलोपटक "अखिल नेपाल भिक्षु महासंघ" को वार्षिक अधिवेशनसँगै संघसदस्य चुन्ने कार्य भएको थियो । शुरूवातमा **'अखिल नेपाली भिक्षु महासंघ'** को नाममा स्थापित संस्था दुईवर्षसभित्रै **'अखिल नेपाल भिक्षु महासंघ'** को नाउँमा अगाडि बढेको देखिन्छ ।

अ. ने. भि. महासंघको विधानअनुसार शाक्यमुनि बुद्धको जन्मभूमि नेपालमा बुद्धधर्म शुद्धरूपमा धारणा र पालन गरी र गर्न लगाई जनसाधारणको जीवन सुखमय, शान्तिमय र कल्याणमय गर्न, नेपाल अधिराज्यमा स्थविरवादी भिक्षु र श्रामणेरहरूको सुसंगठित गर्न तथा बुद्धशासनको

१ "मनुस्सेसु चतस्सो परिसा-भिक्खू, भिक्खुनिया, उपासका, उपासिकायो" अंगुत्तरनिकाय अट्ठक निपात पृ.२८३ तथा "यो चस्सन्नं परिसानं धम्मं देसेति ..." महागोसिङ्ग सूत्र, मज्झिमनिकाय भाग १, पृ. २६४, मा उल्लेख्य श्रोतअनुसार भिक्षु अमृतानन्द, **न्ह्यसःया लिस**ः, (काठमाडौं : आनन्दकुटी विहार गुठी, वि.सं. २०४२), पृ. ३० ।

२ राहुल सांकृत्यायन (अनु.), **विनयपिटक**, (भारत : महाबोधि सभा, ई.सं.१९३५), भिक्षु ज्ञानपूर्णिक (अनु.), **उभयप्रातिमोक्ष**, (काठमाडौं : आनन्दकुटी विहार गुठी, वि.सं २०४५), भिक्षु सम्यक् सम्बोधि प्राणपुत्र, **सम्यक् संस्कार**, (काठमाडौं : सुखी होतु नेपाल, वि.सं. २०६०) मा भिक्षु र भिक्षुणी विनयनियमसम्बन्धी उल्लेख भएका छन् ।

उन्नति र अभिवृद्धि गर्दैलान **'अखिल नेपाल भिक्षु महासंघ'** एक संगठित महासंघको आवश्यक्ता महशूस भई वि.सं. २००८ मंसिर २३ गते शनिवारको बैठकमा निर्णय भएअनुसार स्थापना भएको संस्था हो ।[३] नेपाल राष्ट्रब्यापि थेरवादी भिक्षु तथा श्रामणेरहरूबीच आपसी भाइचारा, अन्तरसम्बन्ध, अन्तरक्रिया, सहयोग, सद्भाव र समझदारी कायम गर्दै सांगठनिक रूपमा महत्वपूर्ण भूमिका निभाउँदै आएको अखिल नेपाल भिक्षु महासंघको संस्थापना भिक्षु अमृतानन्दले गरेका थिए ।[४]

साधारण सभा, वार्षिक, संघ समागममा संघसदस्यहरूबाट विभिन्न रचनात्मक सुझाव सरसल्लाहहरु प्रवाहित भएका छन्- जसले संघलाई विकासतिर डोऱ्याउने हुन्छ । तर ती सबै पूर्णतः लागू हुन सकिरहेको छ भन्न कठिन छ भने यसका लागी भिक्षु संघका सम्बद्ध सबै सदस्यहरूबाट जिम्मेवारी बहन गर्न के कसरी हुन्छ कार्यरुप दिनेतर्फ लानु सबैका लागि, बुद्धशासनकै लागि सुखकर विषय हुने देखिन्छ । आवश्यक पहल एवं कार्यगत एकताका लागि वस्तुतः संघसमागमले अहं भूमिका निभाउन सक्दछ भन्दा सायद अत्युक्ति नहोला । निश्चय पनि बुद्धशासनिक संघसमागमले बुद्धभूमि नेपाल राष्ट्रमा हामी पनि सांगठनिक, सांघिक एवं शासनिकरुपले अगाडि बढ्दैजान प्रशस्त मार्गहरु खुल्दैजाने हुन्छ भने यसका लागि सामूहिक रुपमा सांघिक भावनालाई रचनात्मक कार्यान्वयनतर्फ सबैको समानुपातिक सहभागिता अपरिहार्यता रहने हुन्छ ।

"भिक्षु भन्नाले स्थविरवादी परंपराअनुसार विनयानुकुल उपसम्पदा भएको भिक्षु सम्झनु पर्छ" भनी वर्तमान भिक्षु महासंघको विधानले स्पष्ट पारेको छ ।[५] विनयपिटक पालि त्रिपिटकअनुसार भिक्षु संघ भन्नाले कम्तिमा पनि चारजना भिक्षुहरूको समागम अनिवार्य हुन्छ । उपसम्पदापेक्षिक श्रामणेरलाई पूर्णरूपमा भिक्षुदीक्षा वा उपसम्पदा गरिदा देश-प्रदेश हेरी भिक्षुहरूको उपस्थिति रहनुपर्ने प्रज्ञप्त गरिएको छ । श्रामणेरका लागि दशवटा शील-विनय-नियम पालन गर्नुपर्ने अनिवार्य विधान गरिएको छ भने श्रामणेरलाई उपसम्पदा दीक्षा प्रदान गरिंदा कुनै विहारमा अवस्थित निश्चित क्षेत्र वा विनयानुसार नदी वा सीमागृहभित्र २२७ वटा विनयम-नियममा आवद्ध गराई उपसम्पदा दीक्षा प्रदान गरिन्छ । नियमानुसार श्रामणेर हुनका लागि ७ वर्ष कटिकसकोको हुनुपर्दछ भने उपसम्पदा दीक्षा प्राप्त गर्नका लागि २० वर्षमा प्रवेश गरिसकेको हुनुपर्छ । श्रामणेरदीक्षा प्राप्त गर्नेले आमा-बुबा वा अभिभावकीय जिम्मेवारी व्यक्तिको स्वीकृति लिनु अनिवार्य छ भने उपसम्पदा-दीक्षा वा भिक्षु हुनेले विवाहित भएमा धर्मपत्नीको अथवा आमा-बुबा वा अभिभावकीय जिम्मेवारी व्यक्तिको स्वीकृति लिनु अनिवार्य छ । निर्वाणधर्मको लक्ष बोकी प्रव्रज्या-दीक्षा लिने भएरपनि हिन्दूधर्मको वर्णाश्रम धर्मअन्तर्गत सन्यासाश्रमसँग थेरवादी-दीक्षा प्रणालीमा तुलनात्मक रूपले ठूलो अन्तररता रहेको छ ।

वास्तवमा बुद्धकालदेखि निरन्तररूमा परम्परागत ढङ्गले थेरवादी भिक्षु परम्परा चल्दैआएको भन्ने मान्यता रहेअनुरूप परम्परागत ऐतिहासिक भिक्षु संघ, जसले त्रिपिटकअन्तर्गत धर्म र विनयमा प्रतिष्ठित भएर आफूहरू अगाडि बढिरहेका हुन्छन् भने सम्पूर्ण बुद्धोपदेशलाई जनमानससामू प्रचारप्रसारको अभिभारासहित जिम्मेवारीसमेत वहन गरिरहेका हुन्छन् । तर आजकाल राष्ट्रलाई अनुसाशन गरी अगाडि बढिरहेको सरकारी निकायअन्तर्गत जिल्ला प्रशासन कार्यालयमा संस्था दर्ता गरी नियमानुसार लेखापरीक्षण एवं नविकरण गरिनुपर्ने कुनैपनि संघसंस्थाका लागि अपरिहार्यता हो भने त्यसरी अगाडि बढेकालाई वैधानिक मान्यता दिइएको लोकमान्यता रहेको छ । यसैअन्तर्गत अखिल नेपाल भिक्षु महासंघले पनि छुट्टै विधान निर्माण गरी प्र. जि. अ. का. का. स. द. नं ३८३/०४७ दर्ता [६] प्रकृया पुऱ्याई संस्था दर्ता गरेको देखिन्छ ।

अ. ने. भि. महासंघको २०४७ को विधानअनुसार

---

३ **अखिल नेपाल भिक्षु महासंघको विधान-२०४७**, प्रस्तावना, (काठमाडौं : अ.ने.भि.महासंघ, वि.सं. २०४८) पृ. १ ।

४ भिक्षु अमृतानन्द, **नेपालमा थेरवाद बुद्धधर्मको संक्षिप्त इतिहास**, (काठमाडौं : आनन्दकुटी विहार गुठी, वि.सं. २०३८), पृ. ७ ।

५ **भिक्षु महासंघको विधान-२०४७**, (पूर्ववत्, पादटिप्पणी संख्या ३), परिच्छेद १, धारा २ क, पृ. १ ।

निम्न देहायबमोजिम पाँचटा उद्देश्यहरू बोकी सो संस्था दर्ता एवं त्यसले कार्यरूप दिन खोजेको स्पष्ट हुन्छ । जसअनुसार-

क) नेपालमा थेरवाद बुद्धशासनको उन्नति र अभिवृद्धि गर्ने ।

ख) नेपाली भिक्षु र श्रामणेरहरूको अभिवृद्धि गर्ने र थेरवाद-बुद्धधर्मका अनुयायी अनागारिकाहरू र उपासकोपासिकाहरूलाई मार्ग दर्शन गर्ने ।

ग) थेरवाद सांघिक विहार, नेपाली भिक्षु र श्रामणेरहरू धर्मप्रचारार्थ रहने अवस्थामा बही र धर्मस्थलको धर्मानुकूल संरक्षण गर्ने ।

घ) शाक्यमुनि बुद्धको उपदेश प्रचार-प्रसार धारण र पालन गर्न र गराउनलाई नेपाल बौद्ध परियत्ति शिक्षाको शैक्षिक व्यवस्था गर्ने, बौद्ध शिक्षा दिने र अभ्यासमा लाग्ने, प्रतिपत्तिको व्यवस्था गर्ने ।

ङ) राष्ट्रिय र अन्तर्राष्ट्रिय बौद्ध संघसंस्थाहरू तथा अन्य समान उद्देश्य भएका संघसंस्थाहरूसंग आफ्ना उद्देश्यअनुरूप मैत्री, भातृत्व तथा सद्भावना स्थापना गरी सहयोगको आदान-प्रदान गर्ने र विश्व शान्तिका लागि योगदान गर्ने ।[७]

उपरोक्त उल्लेख्य उद्देश्य बोकी अ.ने.भि. महासंघले थेरवादी बुद्धशासनको धर्म र मर्मलाई अगाडि सारी विभिन्न धार्मिक गतिविधिमा संलग्नता जनाउँदै आएको छ । भिक्षुहरू विशेषतः धार्मिक गतिविधि, पूजापाठ, ध्यानभावना, धर्मप्रचारात्मक कृयाकलाप, अध्ययन, अध्यापन, पुस्तक लेखन-प्रकाशन, आदिमा संलग्न रहँदै आएका छन् ।

नेपालमा भिक्षुहरूकाबीच जेष्ठ भिक्षुलाई संघनायक प्रतिष्ठान विधिपूर्वक संघनायक पदवीबाट विभूषित गरिन्छ भने नेपालमा दुतीय जेष्ठ भिक्षुलाई पनि प्रकृयागत तवरबाटै संघउपनायक पदवी प्रदान गरिँदैआएको छ । पुनर्जागरित नेपालको थेरवाद बुद्धधर्ममा प्रथम संघमहानाय भिक्षु प्रज्ञानन्द महास्थविर थिए, यसरी नै हालसम्म दिवंगत भिक्षुहरू क्रमशः भिक्षु शाक्यानन्द महास्थविर, भिक्षु अनिरूद्ध महास्थविर, भिक्षु सुबोधानन्द महास्थविर नेपालका संघनायक भिक्षु भैसकेका छन् । वर्तमान अवस्थामा ललितपुरस्थित श्री सुमङ्गल विहारवासी भिक्षु बुद्धघोष महास्थविर, नेपालका संघनायक भिक्षु हुन् भने काठमाडौंस्थित संघारम विहारका भिक्षु अश्वघोष महास्थविर नेपालका संघउपनायक भिक्षु हुन् । नायक र उपनायक प्रतिष्ठान विधि प्रथमतः कुनैपनि भिक्षुहरूको विनय-संघकर्म गर्ने पवित्र स्थलमा पूर्णतः भिक्षुहरूकै संलग्नतामा प्रकृया पुऱ्याउने कार्य हुन्छ भने पछि सार्वजनिक अभिनन्दन समारोहबीच औपचारिक रूपमै सो पद प्रदान गर्ने प्रथा रहीआएको छ । जहाँसम्म अ. ने. भि. महांसंघका अध्यक्षलगायत अन्य पदाधिारीहरू हुन्छन्, उनीहरू सबै वैधानिक प्रकृयाबाट चुनिने गर्दछन् । वर्तमान अ.ने.भि. महासंघमा भिक्षु बोधिसेन महास्थविरको अध्यक्षतामा १५ सदस्सीय कार्यकारिणी बहालवाला रहेको छ ।

भिक्षुहरूकाबीच स्थविर, महास्थविर लेख्ने प्रचलन कायम रहेको छ । उपसम्पदा-दीक्षा प्राप्त भिक्षुले दशवर्षपछि स्थविर लेख्न पाउने छ भने त्यसपछि १० वर्षपश्चात् अर्थात् उपसम्पदा-दीक्षा प्राप्त गरेर २० वर्षपछि महास्थविर लेख्न पाउने प्रचलन रहेको छ । महास्थविर भिक्षुलाई पाको, अनुभवी भिक्षुको रूपमा परिभाषित गरिन्छ । महास्थविर नाउँको पछाडि लेख्न भिक्षुसंघले थेरसम्मति प्रदान गरिसकेपछि प्रचलनमा लेख्ने गरेको पाइएको छ । दिवंगत भइसकेका थेरवादी नेपाली भिक्षुहरूमध्ये महाप्रज्ञा, प्रज्ञानन्द, धर्मालोक, शाक्यानन्द, अनिरूद्ध, अमृतानन्द, सुबोधानन्द, रत्नज्योति, चुन्द, महानाम, विवेकानन्द, मेधंकर, विमलानन्द, सुमङ्गल, सुदर्शन आदि भिक्षुहरूको योगदानलाई स्मरण गर्ने गरिन्छ । वर्तमान अवस्थामा नेपालका संघनायक भिक्षु बुद्धघोष महास्थविर, नेपालका संघउपनायक भिक्षु अश्वघोष महास्थविर, आचार्य भिक्षु कुमार काश्यप महास्थविर (निवर्तमान अध्यक्ष अ.ने.भि. महासंघ), भिक्षु ज्ञानपूर्णिक महास्थविर (निवर्तमान उपाध्यक्ष, अ.ने.भि. महासंघ)को, अ.ने.भि. महासंघका अध्यक्ष भिक्षु बोधिसेन महास्थविरलगायतका भिक्षुहरूको महत्वपूर्ण योगदानसहित विकासक्र अगाडि बढिहेको छ । ❁

६ **ऐजन**, श्री ५ को सरकारबाट २०४७।१२।१५ देखि स्वीकृत भनी कभर पृष्ठमा उद्धृत गरिएको छ ।

७ **ऐजन**, परिच्छेद २, पृ. २ ।

# श्रीलंकामा अशोक वाटिका

- ध्रुवचन्द्र गौतम

प्राचीनकालमा एउटा राजकन्यामाथि एउटा सिंह मोहित भएछ । त्यसैले राजकन्याको हरण गऱ्यो । एउटा गुफाभित्र कैद गरेछ । सधैं बाहिर जाँदा त्यो सिंह राजकन्या, जसको नाउँ सुपा थियो, लाई थुनेर जान्थ्यो । एउटा विशाल चट्टानले गुफाको मुख थुनिदिन्थ्यो । बेलुकी आउँदा खानेकुरा लिएर आउँथ्यो । सुपा लाचार थिई । त्यसो गर्दागर्दै सिंहबाट सुपाको एउटा सन्तान जन्म्यो । सिंहबाट जन्मेकाले होला त्यसको नाउँ राखियो सिंहबाहु । त्यसपछि एउटी कन्या पनि जन्मी । त्यससित पछि सिंहबाहुको विवाह भयो । त्यसबखत त्यस्तो चलन सामान्य मानिथ्यो । उसका सन्तानमध्ये एउटा उसका दोषपूर्ण आचरणका लागि राज्यबाट निष्काशन गरिया ो त्यो निष्काशित सन्तानले कतै अन्त गएर एउटा छुट्टै राज्य स्थापना गऱ्यो । त्यही राज्य सिंहल द्वीपका नाउँले प्रसिद्ध भयो । त्यही सिंहल द्वीप वा राज्य आजको श्रीलंका वा लंका हो ।



सिंहल द्वीप किन भएको रहेछ भने, यसको निर्माण सिंहको सन्तानहरूद्वारा भएको थियो । सिंहल द्वीप कसरी नामाकरण भएको हो भन्ने कथा मलाई थाहा थिएन । त्यहाँ गएर थाहा पाएँ । हुनलाई त यो किवंदन्ती होला । श्रीलंकाका धेरै कुरा उल्लेखनीय छन् । म झण्डै नजान लागेको, नगएको भए नोक्सान हुने रहेछ ।

श्रीलंकामा प्रत्येक वर्ष सप्ताहव्यापी 'आर्ट एण्ड कल्चरल फेस्टिबल' आयोजना गरिन्छ । संस्कृतिमन्त्री डा. मिनेन्द्र रिजालले फोन गर्नुभयो र भन्नुभयो, 'तपाईं जानुपर्छ है ।' हुन्छ भनिदिएँ मैले ।

'त्यसो भए म भोलि नोमिनेट गरिदिन्छु' रिजालले भन्नुभयो । मैले धन्यवाद भनें।

नोमिनेट गरेपछि श्रीलंका जान हतारो भो । हतारकै कारण पहिले जम्मै खर्च आफैले व्यहोर्नु पर्ने । पछि मन्त्रालयले सोधभर्ना गरिदिने । पैसा र टिकटको बन्दोबस्त हतारहतारमा गरें । दौडादौड पऱ्यो एक दिन त । त्यसले गर्दा म एक दिनपछि मात्र उड्न भ्याएँ ।

श्रीलंका सरकारले एउटा 'लिडिङ्ग राइटर' मागेको रहेछ । म लिडिङ राइटर नभए पनि राइटर त थिएँ नै । त्यसकारण सन् २००९ को सेप्टेम्बर ४ देखि ६ तारिखसम्मको त्यो सम्मेलनमा गएको थिएँ ।

श्रीलंकामा उत्रिएपछि हामीलाई लिन मन्त्रालयका विमल आएका थिए । जुन होटलमा लगियो, त्यो सुविधायुक्त थियो । तीनवटा बेड, सुत्ने म एक्लै । भोलिपल्ट सर्वप्रथम भेटिएका व्यक्ति थिए, के. बालासौटी रेड्डी, उपन्यासकार । त्योभन्दा नि मलाई उनको आकर्षण के लाग्यो भने आफ्नो बाल्यकालमा एउटा 'चन्दा मामा' भन्ने बालपत्रिका पढ्थें । त्यतिखेर यिनै रेड्डी महोदय त्यसको सम्पादक थिए । उमेर बयासी वर्ष । हिन्दी मजाले बोल्थे । हाम्रो कुराकानी हिन्दीमै हुन्थ्यो ।

हामीलाई साथ दिन रणवीर अर्यावंश (पूर्व निर्देशक, पुरातत्व एवं संस्कृति मन्त्रालय) लाई खटाइएको रहेछ । जुन दिन हाम्रो कार्यक्रम थियो, त्यस दिन मैले अंग्रेजीमा नेपाली साहित्यको एउटा रेखा कोरेर लगेको थिएँ । त्यसै बोलियो । लेखेको बोल्न परेन ।

प्रश्नमा दुई प्रश्न रूचिकर छन् । एकजनाले सोधे, 'माओवादी साहित्य त्यहाँ कस्तो छ ?

'प्रगतिशील साहित्य छन् । त्यस्ता धेरै लेखक छन्, जसमध्ये सशक्त लेखक पनि छन् । हामीकहाँ तिनलाई

अलग्ग हेरिन्न, मूलधारमै हेरिन्छ,' मैले भनें ।

अर्कोले फेरि प्रश्न गरे, 'श्रीलंकन साहित्य ऱ्हासोन्मुख छ । तिमीहरूकहाँ के छ ?'

मैले भनें, 'म यहाँ अहिले आफ्नो देशको प्रतिनिधित्व गर्दै, देशको साहित्यिक विकासको चर्चा गर्न आएको हुँ । कार्यक्रम सकिएपछि बाहिर कुरा गरौंला अनि बुझौंला, कुन देशको साहित्य बढी ऱ्हासोन्मुख छ ।'

कार्यक्रमबाहिर निस्केपछि रेडियो श्रीलंकाबाट एउटा आफ्नै गीत 'लाइभ' गाउनु पनि पऱ्यो । मैले गाइदिएँ । राम्रो प्रभाव पऱ्यो त्यसको ।

श्रीलंका आएदेखि के. बालासौटी रेड्डी भनिरहेका थिए- सीतालाई कैद गरिएको अशोक-वाटिका हेर्न जाउँ । मैले आफूले बोल्दा श्रीलंकालाई रामायणका माध्यमले धेरै चिनेको छु भनेको थिएँ । त्यसकारण मलाई पनि वाटिका हेर्न मन थियो, तर आर्यवंशले त्यति उत्साह दिएनन् । उनले भने, 'त्यहाँ एउटा सीता ग्राम पनि छ । सीताले नुहाउने गरेको झरना छ, तर प्रामाणिक केही पनि छैन । त्यहाँ जान पनि धेरै समय लाग्छ ।' आखिर अशोक वाटिका हेर्न जाने मौका मिलेन ।

एकपटक आर्यवंशले भने पनि तिमीहरूलाई रामायणको धेरै महत्व होला । तर यहाँ भने रामायणलाई महत्व दिइँदैन । जस्ट दे डन्ट गिभ इम्पोर्टेन्स ।' रामायणको अनुवादसमेत केही वर्षअघि मात्र सिंहली भाषामा भएको छ । हाम्रो साहित्यधर्म सबै कुराको थालनी वा स्तोत्र 'त्रिपिटक' लाई मानिन्छ । बौद्ध प्राचीन ग्रन्थ ।

आर्यवंश ज्ञाता त रहेछन्, तर उनलाई ज्ञाता भएको वा बेलाबेलामा आफ्नो पूर्वपदको पनि हेक्का हुँदो हो भन्ठान्छु । हामीले त्यहाँ बुद्ध वा बुद्धधर्मबारे बढी जिज्ञासा राख्दा एकपटक उनले भने, 'मलाई दुःख लाग्यो । तिमीहरूजस्ता बुद्ध जन्मेको अनि बुद्धले बुद्धत्व पाएको ठाउँबाट आएको मानिस भएर यति कम जान्दछौ ।'

मैले भनें, त्यसो होइन । आर्यवंशी, हामीलाई थाहा छ । चारआर्यसत्य पनि थाहा छ, अष्टाङ्गिकमार्ग पनि थाहा छ । त्यो त मैले तिमीहरूको विचार कस्तो रहेछ भनेर पो जिज्ञासा राखेको, तपाइले त्यसो भन्न अलि मिल्दैन । त्यसपछि उनले चित्त बुझाए वा चुप लागे ।

बौद्ध, मठ, गुम्बा, विहारहरूकै देश रहेछ, श्रीलंका । इँटले बनेका प्राचीन स्तुप देखें । पहिले नदेखेका बुद्धका बढेबढे मूर्ति थिए, विभिन्न ध्यानमुद्राका एक ठाउँमा पल्टिरहेका बुद्धका मूर्ति । विशाल त्यस्ता ठाउँमा जुत्ता फुकालेर जानुपर्थ्यो । पल्टेको बुद्धमूर्तिलाई आर्यवंशले व्याख्या गरे-'बुद्धको अन्तिम समयको मुद्रा । निर्वाण प्राप्त गर्दाखेरिको । छेउमा भिक्षु आनन्द शोकमग्न मुद्रामा उभिएका । तर अन्तको व्याख्या हेर्दा त्यस्तो लागेन । त्यो स्लिपिङ बुद्ध थियो । अनि छेउमा पराक्रम बुद्ध उभिएका थिए ।

पराक्रम बुद्ध निकै प्रतापी राजा । उनको समयमा धेरै स्तुप र बुद्ध-मूर्ति निर्माण भएको रहेछ । बाऱ्हौं शताब्दीतिर उनको राजधानी थियो- पोल्लोनरूवमा । त्यही पोल्लोनरूवमा हामी यी बुद्धहरूको दर्शन गरिरहेका थियौं ।

एक ठाउँमा, अझ एकलासमा बुद्ध बसेका छन् । तिनको मुद्रा विभिन्न कोणबाट बेग्लै देखिएको रहेछ । अर्को एक ठाउँमा राम्रो लुगा लगाएका व्यक्ति उभिएका छन् । तिनको हातमा ताडपत्रको चाङ हो कि तरबार, छुट्टिंदैन । अर्थात् ती कृषक हुन् कि राजा भन्न कठिन हुँदोरहेछ ।

स्तुपभित्र के होला ? मलाई यो प्रश्न सधैं आउँथ्यो । एक ठाउँमा ढुङ्गा खण्डहरू अवशेषका रूपमा देखिए । भनियो स्तुपभित्र यस्ता खण्डहरूमा सुनचाँदी गहनागुरिया राखिन्छ । त्यो कहाँ कहिल्यै निस्कँदैन तैपनि मानिस आस्थाका कारण राख्थे ।

पोल्लोनरूवको संग्रहालयमा हिन्दु देवदेवीको प्राचीन सबुत र फुटेका राम्रा मूर्ति पनि देख्न पाइयो । नरूदाको भ्रमण स्मरणीय थियो साँच्चिकै । कोलम्बोका सडक जङ्गलको बीचबीचै गएको देखें । धेरैजसो जङ्गलमा पहेंला नरिबल बेस्मारी फलेका थियो । जसलाई 'बिग कोकोनट' भन्दारहेछन् । हामीले त्यसको पानी खायौं ।

सबैभन्दा रोमान्चक कुन दृश्य थियो भने सडकमा हाम्रो गाडी कुदिरहेको छ उता छेउमै जङ्गलका खुँखार जङ्गली हात्ती पनि बेजोडसित कुदाकुद गरिरहेका छन् । हात्तीले दुःख दिंदारहेछन् । तर त्यहाँ हामीलाई सुख दिए ती विशुद्ध जङ्गली हात्तीले । धेरै घुम्न नपाएपनि श्रीलंकाको अनुभवले मलाई अनुभवको धनी बनाएको छ । ❁

# सेवाग्राहीको भावनाविना समाज विकास असंभव



✍ शिशिल चित्रकार

समाजको हरेक क्षेत्र, व्यक्ति आजको भयावह अवस्थाबाट निकै आक्रान्त, भयभित तथा चिन्तित छन् । आज हरेक क्षेत्रका मानिसहरू समाज, देश, र विश्वको राजनैतिक, सामाजिक, आर्थिक, शैक्षिक, प्रशासनिक ,स्वास्थ्यलगायतका यावत समस्या, सूचना, खवरहरूमा छलफल गरिरहेका भेटिन्छन्, देख्न सकिन्छ । सबैको मुखमा समाज, देश नराम्रो भन्नुमा छ तर यस्को कारण पत्तालगाउन उद्धत नभएको हो कि भन्ने आभाष हुन्छ ।

हरेक मानवहरूको आफ्नो आफ्नो सोचाई, स्तरअनुसार चाहना हुनु अस्वाभाविक होइन तर कुनै पनि व्यक्ति वा जुनसुकै कार्यक्षेत्रमा कार्यरत भएपनि आफ्नो स्वार्थ मात्र सिद्धि गर्ने नहेरी अरूको सेवामा समर्पणको अभाव हुनु वा स्तरीय सेवा प्रदान नहुनु नै आजको समस्याको मूल कारण त होइन ? देशको सार्वजनिक प्रशासनमा कार्यरत कर्मचारी, प्रशासकहरूले सर्वसाधारण जनताको हकहित हुने खालको सेवाभावद्धारा कुशल कार्य गर्न सकिरहेको छ वा छैन ? यसै गरी समाजका अन्य यावत क्षेत्रमा कार्यरत व्यक्तिहरूले आ–आफ्नो क्षेत्रबाट दिने सेवा स्तरीय छ वा छैन वा खाली धनको लागि, देखावटको लागि, आफ्नो स्वार्थ सिद्ध गर्नको लागि मात्र वा अरूलाई बेवकुफ बनाउनुमै आफ्नो पुरूषार्थपना, बल वा शक्ति त ठानिरहेका छैनौं ?

आज विश्व, मानव-सभ्यता नै कतै ध्वस्त हुनेतर्फ उन्मुख भइरहेको त छैन ? विश्वका मनुष्यहरूमा बौद्धिक क्षमता, बुद्धिविवेकमा ऱ्हास आएको त होइन ? यदि होइन भने समस्याहरू थप माथि थप कसरी हुँदै गएको हो ? समस्याहरूमाथि समस्या थपिंदै जानु तर समाधान गर्न मानवीय क्षमता, बलबुद्धिले नभ्याएको खण्डमा विश्व ध्वस्त हुन कति बेर ? आज समाज, देश र विश्वमा नै व्यक्तिगत स्वार्थ हावी हुँदै गइरहेको छ, जसरी भएपनि धन कमाउने, जम्मा गर्ने प्रवृत्ति जुन मौलाउँदै गइरहेको छ, त्यसलाई हामीले मावन बौद्धिक क्षमता र बुद्धिविवेकमा ऱ्हास आएको मान्न सकिन्छ कि सकिंदैन ? नभए मानवहरूको प्रथम कर्तव्य त अरू व्यक्तिहरूप्रति सेवाभाव राख्नु, आफ्नो कार्यले अरू प्राणी, समाज देशलाई कस्तो प्रभाव पर्दछ त्यो पनि सोच्नु कर्तव्य हुनु पर्दथ्यो वा पर्दैन ?

देश समाजमा जसरी भएपनि धन कुम्ल्याउने, अरूलाई छल्ने (?), ठग्ने (?), अरूको सम्पत्तिमा कुदृष्टि (?) लगाउने, सम्पत्ति चोर्ने (?), कामकुरामा ठग्ने (?), समय बर्वाद गर्ने (?) हरूको जमातमात्र बढेको हो कि होइन ? यस्तो जमातद्वारा देश समाजको विकास, शान्ति सुव्यवस्था हुन्छ भनी सोच्नु अर्को ठूलो मूर्ख्याईं हुन्छ कि हुँदैन ?

आज मानिसको अकुशल कर्मको कारणले समाज र विश्व ध्वस्ततातिर अग्रसर भइरहेको मान्ने कि नमान्ने ? व्यक्तिहरूको अज्ञानता, मुर्ख्याईंहरूको कारणले आफूले गरेका चोरी, ठगी, छली गर्नु भनेके आफ्नो बौद्धिकता ऱ्हास गरी, सुमार्गबाट जाने बाटो अवरूद्ध गरी, कुमार्गमा गई भविष्यमा अझ ठूलो विपत्तिमा जाने गरी आफूले आफूलाई नै ठगेको, छलेको र चोरेको हुन्छ भनी नजान्नु ठूलो मुख्यांई हो कि होइन ?

आज राज्य,राज्यका विभिन्न संयन्त्रहरूमा नानाप्रकारले समस्यादेखापर्नु यस्तै व्यक्तिहरूको मुर्ख्याइको कारणले भएको हो कि होइन ? यस्तो अवस्थाबाट पार लगाउन राज्य, राज्यका संयन्त्रहरूले

कुन प्रकारको योजना नीति, कार्यक्रम बनाएको छ वा छैन ? व्यक्तिहरूको व्यक्तित्व, कुशलतातर्फ उन्मुख गराउने शिक्षा दिने नीति राज्यले अवलम्बन गरेको छ वा छैन ? व्यक्तिहरूको मानवीय क्षमता, दक्षता, सेवाभावप्रति स्तरीय सेवा दिने जनमत तयारी विना देश विकास कसरी संभव हुनसक्छ ?

व्यक्तिहरूको चरित्र सुधारहेतु भगवान् बुद्धले भिन्न भिन्न स्थानमा व्यक्तिहरूको स्तर हेरी विविध किसिमका उदाहरणसहित उपदेश दिनुभएको सन्दर्भमा आजको समाज, देश र विश्वको अवस्थालाई मध्यनजरगरी एउटा श्लोक राख्नु उपयुक्त हुनेछ ।

**न तं दल्हं बन्धनमाहु धीरा यदायसं दारूजं बब्बजञ्च।**
**सारत्तरत्ता मणिकुण्डलेसु पुत्तेसु दारेसु च या अपेखा ॥**

**अर्थ :** फलामको, काठको, डोरीको बन्धनलाई धीरजनहरूले साँच्चैकै बन्धन भन्ठान्छ तर धन सम्पत्ति, स्त्री पुत्रपुत्रीमा हुने अनुरागलाई नै साँच्चैकै बन्धन भन्छ । (धम्मपद, ३४५)

आज समाजमा जसरी भएपनि धन कमाउने गलत होडवाजी गर्ने व्यक्तिहरूले धन सम्पत्तिलाई बन्धन ठान्न नसक्नु ठूलो मूर्खता हो कि होइन ? वा यस्तो शिक्षाको अभाव हो वा होइन ? राज्यले यस्तो शिक्षा (बुद्धशिक्षा) नदिएको अवस्था, नैतिक शिक्षाको अभावमा, राज्यको उदाहरणीय व्यक्तिहरूबाट नै गलत उदाहरण पेश भएको अवस्थामा देश समाज भडखालोमा जानुको विकल्प अरू हुन सक्दैनन् । समाजमा यस्तै मुर्ख्याईं, मुर्खहरूको कारणले समाज देश विश्व ध्वस्त हुनको नजिकिंदै गएको छ । घरमा गर्नुपर्ने घरायशी कामकाज गरी सेवाभावना नभएको र कर्मचारी प्रशासक वा अन्य यावत क्षेत्रका व्यक्तिहरूमा सेवाभावी नभएको जनमत, कुशलकर्मीहरूको साटो सेवाभाव थाहा नहुने, अकुशल कर्मीहरूको बाहुल्यता भएको समाजको विकास असंभव नै छ ।

यस्तै मुर्ख्याईं, मुर्खहरूको कारणले सबै ध्वस्त हुनेछ भनी सम्झन अझ धम्मपदकै गाथा स्मरण गर्नु मननीय छ ।

**यावदेव अनत्थाय—ञत्तं बालस्स जायति ।**
**हन्ति बालस्स सुक्कंस—मुद्ध'मस्स विपातयं ॥**

**अर्थः** मुर्खहरूको बुद्धि सबै अनर्थकर हो, मुर्खहरूले आफ्नो मुर्खताले आफ्नो प्रज्ञा तथा कुशल कर्म सबै ध्वस्त गर्दछ । (धम्मपद, ७२)

समाजको हरेक क्षेत्र, व्यक्ति आजको भयावह अवस्थाबाट निकै आक्रान्त, भयभित तथा चिन्तित भइरहेको अवस्थामा समाजका हरेक क्षेत्रका व्यक्तिहरू चाहे राजनैतिक, आर्थिक, शैक्षिक, प्रशासनिक , स्वास्थ्य, न्यायिकलगायतका किन नहुन्, आफ्नो मुर्ख्याईं, मुर्खता हटाउन, कुशल कर्मप्रति उद्यत हुन, विश्वलाई विनाशबाट बचाउन प्रयासरत बनाउन बुद्धशिक्षाअनूरूप जीवन जिउनु आजको आवश्यकता हो ।

सबैको कल्याण होस् ! सबैको मंगल होस् !! सबैको भलो होस् !!! ❁

## बुद्धवचन-धम्मपद

*अभित्थरेथ कल्याणे पापा चित्तं निवारये ।*
*दन्धं हि करोतो पुञ्ञं पापस्मिं रमती मनो ॥*

**अर्थ :** सक्दो चाँडै चाँडै नै कुशल कर्महरु सम्पादन गर । अकुशल पापकर्मबाट चित्तलाई हटाउ । ढिलो गरी कुशल पुण्य गर्दा अकुशल क्षेत्रमा मन आसक्त हुन सक्दछ ।

*उट्ठानवतो सतिमतो सुचिकम्मस्स निसम्मकारिनो ।*
*सञ्ञतस्स च धम्मजीविनो अप्पमत्तस्स यसोभि वड्ढति ।*

**अर्थ :** सदा उद्योगी, स्मृतिवान भएर राम्ररी असल काम गर्नेको, इन्द्रिय संयम गरी, धर्मपूर्वक जीविका गरी अप्रमादी हुनेहरुको यश प्रशंसा वृद्धि हुन्छ ।

नेपालभाषा :

# दशपारमिता



✍ आचार्य भिक्षु कुमार काश्यप

महापुरूष अथवा महान व्यक्ति जुयेत गुण धर्म परमावश्यक जू । गुण धर्म विना सुं व्यक्ति हे नं महापुरूष अर्थात् महान व्यक्ति जुइ मखु । जुजुया काय् जुये मात्रं महाजनया काय्, विद्वानया काय् वा धन, जन, सन्तान दये मात्रं सुं व्यक्ति महापुरूष जुइ मखु । त्याग, नैतिकता, निष्कामना, समानता, परोपकार व अनवरत कार्यशीलता आदि गुणं युक्तम्ह व्यक्ति हे जक महापुरूष जुइ । अले थुजागु गुण दयेकेत ताहाकःगु तपस्या आवश्यक जुइ ।

सुमेध तापस दीपंर बुद्धया पालय् हे अर्हत् जुया बिज्यायेगु क्षमता दुम्ह खः । तर वसपोलं बहुजन हिताय व सुखाय लागि थःम्हं प्राप्तयाये फुगु अर्हतत्व नं वां छोया बिज्यात । थुकथं धाथें हे महापुरूष जुइम्हं तःधंगु अभ्यासं महान गुणत थःके दयेकेत दकसिबे न्हापां थःत प्राप्त जूगु सुख हे निं परया लागि उपयोग याइ ।

सिद्धार्थ कुमार अबलेया राजनैतिक दृष्टिं साधारणम्ह जुजुया काय् खः । तर थौं वसपोल छम्ह महान दार्शनिकया रूपय्, मानव-जगतया तःधंम्ह क्रान्तिकारीया रूपय् अले शान्तिया अग्रदूतया रूपय् विश्वय् प्रख्यात जुया बिज्यात । वसपोल नेपाःयाम्ह बुद्ध जक मजुसे, विश्वया बुद्ध जुया बिज्यात । थुकथं वसपोल लोकय् प्रसिद्ध जुया बिज्याःगु न जुजुया काय् जुया खः, न धन, जन व सन्तानं याना, न देव ब्रह्मं याना खः । थःगु हे आदर्शमय जीवन व श्रेष्ठतम चरित्रं याना वसपोल बुद्ध जूगु खः । थ्व हे बुद्धया आदर्श व श्रेष्ठतम चरित्रया अभ्यासयात पारमिता गुण धर्म पुरे यायेगु धाइ । बौद्ध साहित्यया उल्लेख अनुसार बुद्ध, प्रत्येक बुद्ध व अर्हत म्हसीकेत जक मखु, स्वयं थःके बौद्धत्वया गुण दयेकेत हे नं पारमिता धर्म अध्ययन व अभ्यास मयासें मगाःगु गुण-धर्म जुया च्वन ।

**त्रिविध बोधि**

बोधि स्वंगू प्रकारया दु । थन बोधिया तात्पर्य विशेष ज्ञान, यथार्थ ज्ञान वा सम्यक् ज्ञान खः । मेगु शब्दं धाये माल धाःसा आर्यमार्ग व सर्वज्ञता ज्ञान खः ।

स्वंगू बोधि खः-

१. श्रावक बोधि, २. प्रत्येक बोधि, ३. सम्यक् सम्बोधि ।

श्रावकया साधारण अर्थ न्यनिम्ह खः । प्रायः व्यक्तिपिंत न्ह्याक्को हे तीक्ष्ण ज्ञान व सहज प्रज्ञा दःसां कमसेकम श्रोतापत्ति जुयेत मेपिंके उपदेश न्यनेगु– "परतो घोष प्रत्यय" जुइगु आवश्यक जू । मेपिंके उपदेश न्यना जक अवबोध जुइगु जुया श्रोतापत्ति, सकृदागामी, अनागामी व अर्हत् आर्यपिन्त श्रावक धया तःगु खः । अले श्रावकपिनि ज्ञान यात 'श्रावक-बोधि' धाइ । गथे सारिपुत्र स्थविरं बुद्धधर्मय् प्रवेश जुइ न्ह्यो अस्सजित भन्तेयागु उपदेश न्यना बिज्यात अले मार्गफल नं प्राप्त याना बिज्यात ।

मेपिंके धर्म-श्रवण मयासें छगू निमित्त कया 'पटिच्च समुप्पाद' विचार याना थः छम्ह जक निर्वाण अवबोध जुइम्हेसित 'प्रत्येक बुद्ध' धाइ । वसपोलया ज्ञान हे 'प्रत्येक बोधि' खः । मेपिंके न्यना थः नं बोध जुया परयात नं बोध यायेगु सामर्थ्य श्रावकयाके दु । अले प्रत्येक बुद्धयाके थः छम्ह जक बोध जुयाः परयात साधारण रूपं धर्म ओवाद ब्यूसां वसपोलं परयात निर्वाणया अवबोध याके मफु । हानं श्रावकपिं बुद्धोत्पाद कालय् जक उत्पत्ति जुइ, प्रत्येक बुद्धपिं धाःसा बुद्धोत्पाद मजूगु कालय् जक उत्पत्ति जुइ ।

स्वयं हे ज्ञानं निर्वाण बोध यानाकया बिज्याये फुम्ह अले परयात नं बोध यायेगु शक्ति दयेका बिज्याम्हयात 'सम्यक् सम्बुद्ध' धाइ । सम्यक् सम्बुद्धया ज्ञान सम्यक् सम्बोधि ज्ञान खः । 'सम्यक्' या अर्थ यथार्थ रूपं, 'सं' या मतलब स्वयं, व 'बुद्ध' या तात्पर्य अवबोध खः ।

**पारमी :** च्वय् वंगु स्वंगू बोधि मध्ये थःत यःगु छगू बोधि प्राप्तिया लागि संसारं पारगु निर्वाणया प्रार्थना याना कुशल चर्या यायेगुयात हे 'पारमिता' धाइ । पारमी रूपी कुशल उगु बोधि खः, निर्वाण गुगु पाखेया यान (रथ) समान । बुद्धत्व प्रार्थना पूर्ण याइगु कुशल चर्य्या यायेगुयात 'महाबोधि यान' अर्थात 'महान' धका धयातल । प्रत्येक बुद्धत्व प्रार्थना पूर्ण याइगु– कुशल चर्या हे 'प्रत्येक यान' खः । अर्हतत्व प्रार्थना पूर्ण याइगु कुशलचर्या 'श्रावक बोधि' यान खः ।

'पार' धैगु गंगा समुद्र आदि पुला वनेगुयात नं धाइ ।

संसारं पार निर्वाण खः । संसारस्त्री सागरया पार निर्वाण जुया निर्तिं निर्वाण थ्यंक वनेगु गुण धर्मया अर्थ कथं नं थ्वयात 'पारमी' धयातःगु खः । मेगु शब्दं धाल धाःसा 'सम्बोधि संख्यात' पार वनेत, अले उपकार जुइगु गुण धर्मयात 'पारमी' धाःगु खः । दान शीलादि गुण धर्म पुरे याना यंकेगु हे पारमिता खः ।

चरिया-पिटक अट्ठकथा अनुसारं तृष्णा, मान, दृष्टिं मिश्रित मजूगु, क्लेशं बुलुसे मच्वंगु, करूणां व कौशल्यं बांलाक सुरक्षितगु दान शील आदियात नं 'पारमी' धयातःगु खने दु । थुकिं स्पष्ट जू, पारमी पुरे यायेगु बखतय् तृष्णा, मान व दृष्टि क्लेशं अलग जुयेमाः । अले करूणा व ज्ञानं थःत सुरक्षित जुयेका तयेमाः ।

धात्थेंपिं बौद्धपिसं स्वार्थ कथंया जक आशावादी जुया छुं कुशल किया याये मज्यू । यदि सुनानं भवभोग सम्पत्तिया आशा याना पुण्यकर्म यात धाःसा वया छखें महत्व कम जुइ वथें हे मेखें आशा, तृष्णा व इच्छा मदयेके माःथाय् भन बढे जुयावइगु सम्भव दु । गुकिं याना वयागु क्लेश जक अधिक जुइ । अले व निर्वाणया मार्ग तापाना वनी । थुज्यागु पुण्यकर्म दुग्यःगु कथं पारमी धर्मय् दुथ्याइ नं मखु । भीगु समाजय् कीर्ति प्रशंसा वा नां प्रचार याइगु कथं दानमानादि याइपिनि संख्या स्वल्प मजू । धाथें धाःसा थुजागु पुण्य नं तृष्णा मिश्रित जुया पारमिताय् गुण धर्मय् दुथ्याइ मखु । वथें हे थःगु उच्च श्रेणीत्व, सामर्थ्यता, धनमत्ता परजनयात केनेया लागि जक धन फुका पुण्य याइपिं नं भीगु समाजय् उगु स्त्रं यक्वं दु । व स्वया जि छुकी म्ह, वं स्वया जिं अपो दान बी धका गुम्हसिनं दान याइ वा शीलपालन याइ, थ्व मान मिश्रित कुशल जुया निंतिं पारमिता गुण धर्मय् अन्तर्गत जुइ मखु ।

गुलिसिनं विदर्शना मार्गफल विषयय् छुं हे विचाः मयासें दान शील व तपस्यां जक मनू शुद्धि जुइ धका भालपी । थ्व गलत धारणा खः । थ्व दृष्टि मिश्रित कुशल धर्म जुया थ्व नं पारमिता गुण धर्मय् पुवंक लाइ मखु । "यल कामनाय पवत्तितं हीनं, पुञ्ञफल कामनाय पवत्तितं मज्झिमं, कत्तब्बं मे विदन्ति अरिय भावं निस्साय पवत्तितं पणीतं ।" भव–भोग, सम्पत्ति, यश व कीर्तिया कारणय् गुम्ह व्यक्तिं कुशल धर्म याइ, व हीन कुशल कर्म जुइ । थःगु विमुक्तिया कारणय् याइगु पुण्यकर्म मध्यम प्रकारया कुशल जुइ । अले सकल प्राणीपिनिगु मुक्तिया कारणय् याये हे माःगु धका याइगु गुण कार्य प्रणीत कुशल जुइ ।

पारमिता धयागु करूणां स्वच्छ शीतलगु हृदयं पुरे यायेमाः । हानं उगु अवस्थाय् परजनं क्रोधं व इर्ष्या न्ह्यागु धाःसा नं अखण्ड स्त्रं थःगु कार्य याना हे यंकेमाः । अले हे जक थः सफल जुइ ।

खः गबलें करूणा चित्तं नं मूढ क्रिया याये फु । उगु अवस्थाय् प्रज्ञां करूणायात आरक्षा यायेमाः । अर्थात् प्रज्ञां करूणायात ज्या काये सयेके माः । प्रज्ञानुकूल कारूणिक क्रिया हे सर्व प्रकारं श्रेष्ठोत्तम जुइ ।

भिगू पारमिता

पारमिता भिगू प्रकारया दु । यथा :–

(१) दान (त्याग)

(२) शील (नैतिक गुण)

(३) नैष्क्रम्य (नैष्क्रम्य)

(४) प्रज्ञा (यथार्थ ज्ञान)

(५) वीर्य (उत्साह)

(६) क्षान्ति (सहनशीलता)

(७) सत्य (यथार्थ वचन)

(८) अधिष्ठान (प्रतिज्ञा)

(९) मैत्री (सम समानभाव) व

(१०) उपेक्षा (मध्यस्थता)

थुपिं हे भिगू पारमितायात पारमिता, उपपारमिता, परमत्थ पारमिताया स्त्रय् स्वीगू ल्याः ल्याः याये वं जुइ । अले अर्हत्या लागि भिगू, प्रत्येक बुद्धया लागि नीगू व बुद्धया लागि स्वीगू पारमिता गुण धर्म पूर्ण यायेगु अनिवार्य खः ।

**पारमिता धर्मया लक्षण**

परयात अनुकम्पा तयेगु, दया तयेगु, पारमिताया लक्षण खः । परोपकार यायेगु हे पारमिताया रस खः । स्वयंया श्रमं प्राणीप्रति अनुकम्पापूर्ण हृदयं व प्रज्ञापूर्ण दृष्टिकोणं परोपकार हे उकिं बोधिसत्वया क्रिया जुया च्वनी । उकिं बुद्धत्वया प्रार्थना याना गुण धर्म पुरे याइपिन्त बोधिसत्व धाइ धका छखें धाःसा, मेखें परजनया हितोपकार याइपिन्त बोधिसत्व धाइ । अथवा थःगु स्वार्थया लागि मखु, परार्थया लागि धन, शक्ति, जीवन बीफुपिन्त बोधिसत्व धाइ । अले बोधिसत्वया थ्व क्रिया हे "बोधिचर्या" खः । हानं बोधिचर्याद्वारा हे मात्र बुद्धत्व प्राप्त याना काये फइ । थुकथं बोधिसत्व धर्म व परोपकार छगू मेगुया अर्थ थुइका बीगु शब्द थें जुया च्वंगु दु ।

बोधिसत्वं मेपिनिगु दुःख खना थःत हे जूगु भाःपी । अले मन काकाच्वनी । बोधिसत्वं न्ह्यागु उपायं वा कुशलता नं पर दुःख मदयेका छ्वयेत स्वयं अदम्य उत्साह याइ । परयात दुःखं मुक्त याना बी मफुतले थःत प्रीति धयागु दइ मखु ।

सकल सत्व प्राणीप्रति बिलिबिलि जाःगु करूणात्मक परोपकार हे वयागु जीवन लक्ष्यया प्रधानाङ्ग जुइ । वयागु हृदय हे करूणां जाःगु छगः करूणाया थलथें जुया च्वनी वचन व क्रियां नं बोधिसत्व करूणा सहगत जुया च्वनी । आध्यात्मिक करूणां वयागु मिखा चक्कना च्वनी ख्वालय् प्रसन्नतां जाया च्वनी ।

**पारमी धर्मया प्रत्यय**

*मनुस्सत्तं लिङ्गसम्पत्ति, हेतु सत्थारदस्सनं ।*

*पब्बज्जा गुणसम्पत्ति, अधिकारो च छन्दता ।*

*अट्ठधम्मे समोधाना, अभिनिहारो समिज्झति ।*

थ्व गाथा अनुसारं पारमी धर्मया प्रत्यय अर्थात् उपकार जुइगु अङ्ग च्यागू दु । आः थन थुपिं हे च्यागू अंगया विषय् छगू छगू याना उल्लेख याये ।

**१. मनुस्सत्तं :** मनुष्यत्व । बुद्ध नं मनुष्य जुइ । देव ब्रह्मादि मखु । उकिं बुद्धत्वया निंतिं मनुष्य जातिं न्हापालाक प्रार्थना यायेमाः । अले प्रार्थनानुसारं कार्य नं सफल जुल धाःसा व भविष्यय् बुद्ध जुइ । मेगु देव ब्रह्मादि जातिं सर्व प्रथम बुद्धत्व प्रार्थना यानां व पारमिता गुणधर्म सिद्ध जुइ मखु ।

**२. लिङ्ग सम्पत्ति :** पुरूषत्व । पुरूष भावं हे बुद्धत्वया निंतिं प्रार्थना जुइमाः । हानं पुरूषत्व भावं हे बुद्ध जुइ । उकिं स्त्री वा नपुंसक व पण्डक आदि भावं प्रार्थना यानां गबलें व सिद्ध जुइ मखु ।

**३. हेतु :** उगु हे अवस्थाय् वा जन्मय् अर्हत जुइगु तक्क नं पुण्य दुम्ह जुयेमाः । हेतु सम्पत्ति दुम्ह जुयेमाः । गथे सुमेध तापस व हे जन्मय अर्हत् जुइगु तक नं पूर्व पुण्य दुम्ह खः ।

**४. सत्थारदस्सनं :** शास्ताया दर्शन । बुद्धत्व प्रार्थना वा बोधिसत्व गुण पालनया प्रारम्भ बुद्धया दर्शनं निसें क्वातुक जुइ । गथे सुमेध तापसं दीपंर बुद्धया न्ह्योने बुद्धत्व प्रार्थना यात । बोधिवृक्ष व चैत्य आदि स्थानय् प्रार्थना यानां सिद्ध जुइ मखु ।

**५. पब्बज्जा :** प्रव्रज्या । बुद्धत्व प्रार्थना याइपिसं कर्म व कर्म फल विश्वास याना प्रव्रज्या जुया हे प्रार्थना यायेमाः गृहस्थ जुया मखु । गथे सुमेधं प्रव्रज्या जुया, यात । हानं स्वयं बुद्ध हे नं प्रव्रजित । गृहस्थ बुद्ध जुइगु असम्भव ।

**६. गुणसम्पत्ति :** पञ्च अभिञ्ञा व अष्ट समापत्ति प्राप्ति थें जाःगु गुण सम्पत्ति दयेमाः । प्रव्रजित जूसानं थ्व गुण सम्पत्ति दुम्हं बुद्धत्व प्रार्थना याना हे जक व सिद्ध जुइ । थ्व गुण मदुम्ह जुइ मखु ।

**७. अधिकार :** आधिपत्य । माला वन धाःसा थःगु जीवन तकं बुद्धत्वया लागि त्याग याये फुम्ह जुयेमाः । सुमेध तापसं थें प्राण परित्यागया प्रण मयायेकं बुद्धत्व प्राप्त यायेगु सम्भव मदु ।

**८. छन्द :** बुद्ध जुइगु महति इच्छा । महान उत्साह व प्रयत्न दुम्ह जुयेमाः । अन्यथा जुइ मखु ।

थ्व च्यागू मूल अंग प्रत्यय वा दृढ संकल्पयात हे 'अभिनिहार' धका धयातल । विवरण प्राप्त जुइगु अवस्थाय् जि नं बुद्ध जुया परयात नं चतुरार्य सत्य अववोध याके धका प्रार्थना यायेगु 'प्रथम प्रार्थना' खः ।

नियत विवरणया तात्पर्य बुद्धया भविष्यवाणी खः । दीपंर बुद्धं सुमेध तापस भ्यातनालय् गोतुला च्वंगु दृश्य खना थ्व तापस बुद्ध जुइगु दृढ संकल्प (अभिनिहार) याना गोतुला च्वंगु खः धका स्वयं हे सीका बिज्यात । अले थ्व भविष्यय् बुद्ध जुइ ला मजुइ धका विचाः याना स्वया बिज्याबले अनागतय् गौतम बुद्ध जुइ धैगु सीका प्रकाश याना बिज्यात । थ्वया कुलभूमि कपिलवस्तु नगर जुइ, मां महामाया, बौ शुद्धोद्धन जुइ । अले प्रथम शिष्य उपतिष्य (सारिपुत्त), दुतिय शिष्य कोलित (मोग्गल्लान), आनन्द स्थविर परिचारक (उपस्थापक) जुइ । खेमा स्थविरा प्रधान शिष्या, उत्पलवर्णा दुतिय शिष्या जुइ । थ्व ज्ञानं परिपक्व जुइ धुंका हे गृहत्याग (अभिनिष्क्रमण) याइ । महान तपस्यायां लिपा न्यग्रोध सिमा क्वय् क्षीर ग्रहण याना नेरञ्जना नदी तिरय् भोजन याना बोधिमण्डपय् च्वना वंगल सिमा क्वय् बुद्धपद प्राप्त याना काइ । गौतम बुद्धप्रतिया थ्व उल्लेखयात हे नियत विवरण धयातःगु खः ।

*–कथहं*

# FIVE QUESTIONS ON KAMMA

Ven. Ladi Sayadaw

**1 Question :** Do the *Kammas* of parents determine or fect the *Kammas* of their children? (Note - Physicalogically, children inherit the physical characteristics of their parents).

**Answer.** Physically, the *kammas* of children are generally determined by the *kammas* of their parents. Thus healthy parents usually beget healthy offspring, and unhealthy parents cannot but beget unhealthy children. On the other hand, morally the *kamma* of a father or mother does not in any way affect or determine the *kamma* of their child. The child's *kamma* is a thing apart of itself- it forms the child's individuality, the sum-total of its merits and demerits accumulated in its innumerable past existences. For example, the *kamma* of the Buddha to be-Prince *Siddhattha*, was certainly not influenced by the joint *kammas* of his parents, King *Suddhodana* and his Spouse, Queen Maya. The glorious and powerful *kamma* of our Buddha to transcended the *kammas* of his parents which jointly were less potent than his own.




**2 Q:** If the *kammas* of parents do not influence those of their children, how would the fact be explained that parents who suffer from certain virulent diseases are apt to transmit these evils to their offspring?

**Ans:** Where a child inherits such a disease, it is due to the force of the parent's characteristics because of the force of the latter are *utu* (conditions favorable to germination). Take, for example, two seeds from a sapling; plant one in inferior, dry soil; and the other in rich, moist soil. The result, we will find, is that the first seed will sprout into a sickly sapling and soon show symptoms of disease and decay, while the other seed will thrive and flourish, and grow up to be a tall, healthy tree.

It will be observed that the pair of seeds taken from the same stock grows up differently according to the soil into which they are put. A child's past *kamma* (to take the case of human beings) may be compared to the seed; they physical disposition of the mother to the soil; and that of the father to the moisture which fertilizes the soil. Roughly speaking, to illustrate our subject, we will say that, representing the sapling's germination, growth and existence as a unit, the seed is responsible for say one-tenth of them, the soil for sis-tenths, and the moisture for the remainder three-tenths. Thus, although the power of germination exists potentially in the seed (the child), its growth is powerfully determined and quickened by the soil (the mother), and the moisture (the father).

Therefore, even as the conditions of the soil and moisture must be taken as largely responsible factors in the growth and condition of the tree, so must the influences of the parents (or progenitors, in the case of the brute world) be taken into account in respect to the conception and growth of their issue.

The parents' (or progenitors') share in the *kamma* determining the physical factors of their issue is as follows- If they are human beings, then their offspring will be a human being. If they are cattle, then their issue must be of their species. If the human beings are Chinese, then their offspring must be of their race. Thus, the offspring are invariable of the same genera and species, etc., as those of its parents. It is apt to inherit the physical characteristics of its parents. Yet, it may occur that the child's *kamma*, being superlatively powerful, the influence of the parents' joint *kammas* cannot overshadow it. Of course, it need hardly be pointed out that the evil (physical) influence of parents can also be counteracted by the application f medical science.

All beings born of sexual cohabitation are the resultant effects of three forces- one, the old *kamma* of past existences, the next, the seminal fluid of the mother, and the third, the seminal fluid of the father. The physical dispositions of the parents may, or may not, be equal in force. One may counteract the other to a lesser or greater extent. The child's *kamma* and physical characteristics, such as race, color, etc., will be the product of the three forces.

**3 Q:** On the death of a sentient being, is there a "soul" that wanders about at will?

**Ans:** When a sentient being leaves one existence, it is reborn either as a human being, a *Deva*, a Brahma, an inferior animal, or as a denizen of one of the regions of hell. The skeptics and the ignorant people hold that there are intermediate stages- *Antarabhava*- between these; and that there being who are neither of the human, the *Deva* or the Brahma worlds, nor of any one of the states of existences recognized in the Scriptures- but are in an intermediate stage. Some assert that these transitional beings are possessed of five *khandhas.*[1]

Some assert that these beings are detached "souls" or spirits with no material envelopes and some again that they are possessed of the faculty of seeing like *Devas* and further, that they have the power of changing at will, at short intervals, from one to any of the existences mentioned above. Others again hold the fantastic and erroneous theory that these beings can, and do, fancy themselves to be in other than the existence they are actually in; thus, to take for example one such of these supposititious beings. He is a poor person– and yet he fancies himself to be rich. He may be in hell – and yet he fancies himself to be in the land of Devas, and so on. This belief in intermediate stages between existences is false, and is condemned in the Buddhist teachings. A human being in this life who by his Kamma is destined to be a human being in the next will be re–born as such; one who by his Kamma is destined to be a deva in the next, will appear in the land of devas; and one whose future life is to be in hell, will be found in one of the regions of hell in the next existence.

The idea of an entity of soul or spirit "going", "coming", "changing", or "transmigrating", from one existence to another is that entertained by the ignorant and the materialistic, and is certainly not justified by the Dhamma; there is no such thing as "going", "coming", "changing", etc., as between

1 **Khandha :** The 5 'Group', are called 5 aspects in which the Buddha has summed up all the physical and mental phenomena of existence, and which appear to the ignorant man as his Ego, or personality, to wit: (1) the Corporeality-group (*rupa-khandha*), (2) the Feeling-group (*vedana-khandha*), (3) the Perception-group (*sanna-khandha*), (4) the Mental-Formation-group (*sankhara-khandha*), (5) the Consciousness-group (*vinnana-khandha*). "Whatever there exists of corporeal things, whether one's own or external, gross or subtle, lofty or low, far or near, all that belongs to the Corporeality-group. Whatever there exists of feeling ... of perception ... of mental formations ... of consciousness ... all that belongs to the Consciousness-group" (S.VIII. 8f) - "Buddhist Dictionary", Nyanatiloka

existences. The conception which is in accordance with the Dhamma may perhaps be illustrated by the picture thrown out by the cinematograph, or the sound emitted by the gramophone, and their relation to the film or the sound–box and disc respectively. For example, a human being dies and is reborn in the land of devas. Though these two existences are different, yet the link or continuity between the two at death is unbroken in point of time. And so in the case of a man, whose future existence is to be the nethermost hell. The distance between hell and the abode of man appears to be great. Yet, in point of time, the continuity of "passage" from the one existence to the other is unbroken, and no intervening matter or space can interrupt the trend of this man's kamma from the world of human beings to the regions of hell. The "passage" from one existence to another is instantaneous, and the transition is infinitely quicker than the blink of an eyelid or a lightning–flash.

Kamma determines the realm of rebirth and the state of existence in such realms of all transient beings (in the cycle of existences which have to be traversed till the attainment at last of *Nebbana*).

Kammas in their results are manifold, and may be effected in many ways. Religious offerings (Dana) may obtain for a man the privilege of rebirth as a human being, or as a deva, in one of the six deva–worlds according to the degree of the merit of the deeds performed and so with the observance or religious duties (sila). The five jhanas or states of enlightenment are found in the Brahma worlds of Brahma-lokas up to the summit, the twentieth Brahma world, and so with bad deeds, the perpetrators of which are to be found, grade by grade, sown to the lowest depths of the nethermost hell. Thus, our kammas, past, present and future, were, are, and will ever be the sum-total of our deeds, good, indifferent or bad, according as our actions are good, indifferent or bad. As will be seen from the foregoing, our kammas determine the changes in our existences.

"Evil spirits" are therefore not beings in an intermediate or transitional stage of existence, but are really very inferior beings, and they belong to one of the following five realms of existence, which are namely World of men; World of devas; The regions of hell - Animals below men; and *Petas*. [2]

They are very near the world of human beings. As their condition is unhappy, they are popularly considered as evil spirits. It is not true that all who die in this world are reborn as evil spirits, though human beings who die sudden or violent deaths are apt to be reborn in these lowest worlds of devas.

**4 Q:** Is there such a thing as a human being who is reborn and who is able to speak accurately of his or her past existence?

**Ans:** Certainly, this is not an uncommon occurrence, and is in accordance with the tenets of Buddhism in respect to kamma. Such a person is called a jatissarapuggalo from jati, existence; sara, remembering; and puggalo, rational being.

The following (who from an overwhelming majority of huma beings) are unable to remember their past existence if, and when reborn as human beings.

Children who die young.

Those who die old and senile.

Those who are strongly addicted to the drug or drink habit.

Those whose mothers, during their conception, have been sickly or have had to toil laboriously, or have been reckless or imprudent during pregnancy. The children in the womb being stunned and startled lose all knowledge of their past existences.

The following are possessed of knowledge of their past existences. Viz.—

**2** See *Pali* Glossary

Those who are not re-born (in the human world) but proceed to the world of devas, of Brahmas, or to the regions of hell, remember their past existences.

Those who die sudden deaths from accidents, while in sound health, may also be possessed of this faculty in the next existence, provided that the mothers, in whose wombs they are conceived, are healthy, clean-lived and quiet women.

Again, those who live steady, meritorious lives and who (in their past existences) have striven to attain, and have prayed for this faculty often attains it.

Lastly, the Buddha, the arahants and Ariyas attain this gift which is known as pubbenivasa-abbhinna.

5 Q: Which are the five *Abbhinna*? Are they attainable only by the Buddha?

A: The five *Abbhinna* (Psychic powers) Pali Abhi, excelling, nana, (wisdom) are - *Iddhividha*, Creative power; *Dibbasota*, Divine Ear; *Cittapariyanana*, Knowledge of others' thoughts; *Pubbenivasanussati*, Knowledge of one's past existences; and *Dibbacakkhu*, Divine eye.

The five *Abinna* are attainable also by *Arahants* and *Ariyas* and not only the above, but by ordinary mortals who practice according to the Scriptures; as was the case with the hermits, etc., who flourished before the time of the Buddha and who were able to fly through the air and traverse different worlds.

In the Buddhist Scriptures, we find clearly shown, the means of attaining the five *abhinna*; and even now-a-days, if there means are carefully and perseveringly pursued, it would be possible to attain there. That we do not see any person endowed with the five *abhinna* today, is due to the lack of strenuous physical and mental exertion towards their attainment.

*(Source: The Manuals of Dhamma, Vipassana Research Institute, Dhamma Giri, India. 2009 A. D.)* ☸

## भिक्षु राष्ट्रपाल महास्थविरको निधन

३ फागुन, बनेपा । सुदर्शन विहारका आवासीय भिक्षु राष्ट्रपाल महास्थविर ८७ वर्षको उमेरमा निधन हुनुभएको छ । भक्तपुरस्थित तेखाचो टोल निवासी माता सुर्जमाया शाक्य र पिता मानकाजी शाक्यको कोखबाट बि.सं. १९८१ पौष २ गते कृष्णपक्ष अष्टमीका दिन जन्मेका संघरत्न शाक्यले वि.सं. २०३९ सालमा दिवंगत नेपालका संघनायक भिक्षु शाक्यानन्द महास्थविरको उपाध्यायत्वमा उपसम्पदादीक्षा प्राप्त गर्नुभएको थियो । वर्तमान नेपालका संघनायक भिक्षु बुद्धघोष महास्थविरको प्रमुखत्वमा ललितपुरस्थित सुमंगल विहार, यसरी नै नेपालका संघउपनायक भिक्षु अश्वघोष महास्थविरको प्रमुखत्वमा संघाराम भिक्षु तालिम केन्द्रमा समेत धेरै वर्ष बस्नुभएका दिवंगत राष्ट्रपाल महास्थविर गत केही वर्षदेखि बनेपास्थित पुरानो सुदर्शन विहारमा आवासीय भिक्षुका रूपमा बस्दैआउनु भएको उहाँ भन्तेका दिवंगत भिक्षु महेन्द्र तथा दिवंगत अनागारिका सुमित्रा साख्यै दाजु र बहिनी हुन् ।

फागुन ३ गते विहारमैं निधन हुनुभएका भिक्षु राष्ट्रपाल महास्थविरलाई ४ गते पनौती जाने बाटोमा रहेको मसान घाटमा थेरवाद संस्कारअनुरूप सबैभन्दा पहिले नेपालका संघउपनायक भिक्षु अश्वघोष महास्थविर, त्यसपछि अखिल नेपाल भिक्षु महासंघका अध्यक्ष भिक्षु बोधिसेन महास्थविरले चितामा दागबत्ति दिनुभएलगत्तै उपस्थिति अन्य भिक्षु, श्रामणेरहरू तथा दायकहरूले चितामा दाग बत्ति दिई अन्तिम संस्कार गरियो । त्यतिबेला मरणानुस्मृति पाठलगायत पुण्यानुमोदना गरिएको थियो । भिक्षु संघ, श्रामणेर, उपासक तथा उपासिकाहरूको उपस्थिति रहेको सो दाहसंस्कार धार्मिकविधि सम्पन्न गर्न अ.ने.भि. महासंघका सहसचिव भिक्षु राहुल महास्थविरले संचालन गर्नुभयो । एकसप्ताहसम्म पालैपालो गरी भिक्षुहरूबाट परित्राण पाठ गरी पुण्यकर्म गरिएको समाचार प्राप्त भएको छ । ☸

# बौद्ध गतिविधि

## आनन्द कुटी विहारमा मासिक बुद्धपूजा

१७ माघ, स्वयम्भू । सिपुन्ही–माघपूर्णिमा अर्थात् आयुसंस्कार परित्याग दिवसका दिन आनन्द कुटी विहारमा मासिक बुद्धपूजा, धर्मदेशना, दानप्रदान तथा भोजन कार्य सम्पन्न भएको छ । विहार प्रमुख आचार्य भिक्षु कुमार काश्यप महास्थविरसमक्ष पंचशील प्रार्थनापश्चात् सम्पन्न बुद्धपूजाको लगत्तै उहाँले नै धर्मदेशना गर्नुभयो । धर्मदेशना गर्दै भगवान् बुद्धको उपदेशले व्यावहारिक जीवनलाई सुखशान्ति प्राप्त गर्न मार्ग प्रशस्त गरेको उदाहरणसहित सुखशान्ति चाहने सबैले व्यवहारतः आ–आफ्ना जीवनलाई परिवर्तन गर्नुपर्ने कुरा बताउनुभयो । साथै उहाँले आयु संस्कार परित्याग दिवससम्बन्धी चर्चा गर्नुभयो । त्यस दिन सदाभैं उपस्थित भिक्षु, श्रामणेर तथा अनागारिकाहरूलाई दानप्रदान गरी अन्तमा सबैका लागि भोजनको व्यवस्था गरिएको थियो ।

## नगदेशमा आयुसंस्कार दिवस मनाइयो

१७ माघ, भक्तपुर । नगदेश बौद्ध समूह र बौद्ध ल्याय्म्ह पुचः, ठिमीको संयुक्त आयोजनामा नगदेश बुद्ध विहारको धम्महलमा २५५४ औं आयु संस्कार परित्याग दिवस मनाइएको छ । बौद्ध ल्याय्म्ह पुचःका अध्यक्ष शिवभक्त मेजुको सभापतित्व तथा डा. सानुभाई डंगोलको प्रमुख आतिथ्यत्वमा सम्पन्न सो धार्मिक समारोहमा समूहका सचिव के.के. प्रजापति, थेरवाद बौद्ध दायक केन्द्रीय परिषद्का सदस्य धर्मरत्न शाक्य, समूहका कोषाध्यक्ष रामभक्त हँय्जुले आयुसंस्कार परित्याग दिवससम्बन्धी मन्तव्य दिनुभयो । साथै सोही दिन विभिन्न साँस्कृतिक बाजागाजासहित ज्ञानमाला भजन गाई नगदेश शहर परिक्रमा गरी २५५४ औं भगवान् बुद्धको आयुसंस्कार परित्याग दिवस समापन गरिएको थियो ।

यसरी नै हामीलाई प्राप्त समाचारअनुसार नगदेश बुद्ध विहारका उपासक तुईसिं दुवालको निधनपश्चात तिलगंगा आँखा प्रतिष्ठानका सहृदयी चिकित्सकहरूको सहयोग र सद्भावमा मृत्युपूर्व दान गरिएको आँखा काठमाडौं निवासी एक शाक्य महिला तथा अर्को ललितपुरका तामांग युवकलाई प्रत्यारोपण गरिएको छ ।

## पिपली थेरवाद विहारमा धर्मदेशना

१ फागुन, काठमाडौं । कालोपुलस्थित निर्माणाधीन पिपली थेरवादविहार परिसरमा विशेष बुद्धपूजासहित धर्मदेशनाको आयोजना गरिएको छ । भिक्षु कोण्डन्यसमक्ष पंचशील प्रार्थनापछि सम्पन्न बुद्धपूजालगत्तै उहाँले धर्मदेशना गर्नुहुँदै भन्नुभयो– बुद्धशिक्षाले जीवन व्यवस्थापन गर्न सघाउँछ, उपदेशलाई जीवन जिउने कलाको रूपमा दैनिक जीवनमा उतार्न सके जीवनलाई सार्थक बनाउन सकिने हुन्छ । बाह्यभन्दा आन्तरिक रूपमैं सवल हुनसकेमा मानसिक वलसहित सही दिशावोध हुने र नयाँ विहारको निर्माणले सही दिशा वोधगर्न मार्ग प्रशस्त हुने भएकोले सम्बद्ध सबैको रचनात्मक सहयोग हुनुपर्छ । अहिलेको मेहनत र प्रयासले कार्यरूप लिई विहारको भौतिक पूर्वाधार तयार हुँदा व्यवस्थित रूपमा धर्मकर्म गर्न सहज हुने र त्यस किसिमको रचनात्मक वातावरणले स्थानीय क्षेत्रलाई समेत सकारात्मक प्रभाव पर्ने बार` मन्तव्यसहित धर्मदेशना गर्नुभयो ।

सो कार्यक्रममा थेरवाद दायक परिषद्का अध्यक्ष बखत बहादुर चित्रकार, परिषद्का सचिव विष्णुरत्न शाक्य, पिपली विहारका नरबहादुर गुरूंग, गोपाल तण्डुकारले पनि मन्तव्य दिनुभएको थियो ।

## बुद्धशिक्षा दिने स्थलमा हलिउड कलाकार

हलिउड कलाकार गोल्डी हामले अमेरिकामा बालबालिकाहरूलाई बुद्धशिक्षा दिलाउन विद्यालय खोलेका छन् । उनले संचालन गरेको हाम फाउण्डेशनबाटै त्यस बुद्धशिक्षा पढाउने विद्यालय स्थापना गरिएको हो । चित्त वा मनलाई शान्त गर्ने बुद्धशिक्षा प्रदान गर्ने उद्देश्य लिई सो विद्यालय संचालन गरिएको हो । कलाकार हामको भनाइअनुसार ठूला–वयस्कहरूलाई भन्दा ससाना नानीहरू यस किसिमका शिक्षाले प्रभाव पार्ने र भोलि भविष्यमा प्रगतितर्फ अघिबढ्न समेत ढोका खोल्ने हुन्छ । अमेरिकामा यस किसिमका शिक्षाको प्रभाव फैलिएको हुँदा हाल बेलायतमा समेत यसको शुरूवाता गर्ने विचारविमर्श भइरहेको छ ।

६४ वर्षीय हलिउड कलाकार गोल्डी हाम भन्नुहुन्छ– बालबालिकाहरूलाई के कस्ता शिक्षा दिने भन्ने सवालमा अब हामीले समग्र शिक्षा प्रणालीमैं पुनर्विचार गर्नुपर्ने भएको छ । सुखी र खुसी संसार निर्माण गर्ने हो भने सुखी र खुसी भएका बालबालिका जन्माउनु पर्छ । उनको यस प्रकारको शैक्षिक सोच बाट प्रभावित अमेरिकाको कन्जरवेटिभ पार्टीले उनलाई चुनावमा उठ्न अफर गरेको छ ।